# पशुपन्छी व्यवसाय प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६

**प्रस्तावना:** पशुपालन व्यवसायलाई व्यवस्थित, मर्यादित एवं व्यावसायीक बनाउदै स्वच्छ, स्वस्थ एवं गुणस्तरीय पशुपंक्षी तथा पशुपंक्षीजन्य उत्पादनहरु आम उपभोक्ता समक्ष सहज रुपमा पुग्न सक्ने वातावरण श्रृजना गर्न तथा आम्दानीको श्रोतको रुपमा विकास गर्न संचालन हुने पशुपंक्षी व्यवसाय प्रवर्द्धन कार्यक्रमहरु निश्चित विधि र प्रकृयाबाट गरी एकरुपता कायम गर्ने अभिप्रायले व्यवसायीक तथा प्रतिस्पर्धात्मक कृषि प्रणालीको आधारहरुको विकास गरी क्षेत्रीय र विश्व वजारसंग प्रतिस्पर्धात्मक वनाउने उद्देश्य रहेको राष्ट्रिय कृषि निति, २०६१ र परम्परागत कृषि प्रणालीलाई आधुनिकीकरण गर्न सहयोग हुने उद्योगहरुलाई प्रोत्साहन गरिने प्रदेशको आर्थिक नीति लाई कार्यान्वयन गर्ने कार्यलाई व्यवस्थित बनाउन वाञ्छनीय भएकोले प्रदेशसरकार , प्रदेश न.दुईले देहायको कार्यविधि बनाएको छ ।

**परिच्छेद १**

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "पशुपन्छी व्यवसाय प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६"हुनेछ ।

(२) यो कार्यविधि प्रदेश सरकारवाट स्विकृत भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषा:-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "सम्वन्धित कार्यालय" भन्नाले पशुपंक्षी व्यवसाय प्रवर्द्धन कार्यक्रम संचालनको लागि अख्तियारी प्राप्त भूमि व्यवस्था, कृषि तथा सहकारी मंत्रालयमातहतका पशुपन्छी तथा मत्स्य सम्वन्धी कार्यालय सम्झनु पर्छ ।

(ख) "साझेदार" भन्नाले पशुपन्छीव्यवसाय प्रवर्द्धन कार्यक्रमको लागत सहभागितामा सन्चालन गर्नका लागी ईच्छुक स्थानीय तह, गैर सरकारी क्षेत्र र नीजि क्षेत्र, कृषक, व्यवसायी सम्झनु पर्छ ।

(ग) "साझेदारी" भन्नाले पशुपन्छीव्यवसाय प्रवर्द्धन कार्यक्रम संचालनका लागि दुई वा दुई भन्दा बढी सरकारी निकायहरु वा सहकारी एवं गैरसरकारी क्षेत्र बिच द्विपक्षिय/वहुपक्षिय सम्झौताका आधारमा हुने लागत सहभागितालाई सम्झनु पर्छ ।

(घ) "पशुपन्छी" भन्नाले घरपालुवा गाई, भैंसी, भेंडा, बाख्रा, बंगुर जस्ता चौपाय तथा कुखुरा, हाँस, परेवा, अस्ट्रिच, टर्की जस्ता पंक्षी र माछा समेतको सबै जाति र उमेरका भाले र पोथीलाई सम्झनु पर्छ ।

(ङ) "गैर सरकारी क्षेत्र" भन्नाले नेपाल सरकारको सम्वन्धित निकायमा कानुन बमोजिम दर्ता भएको कृषक समूह/समिति, सहकारी संस्था, सामुदायिक संस्था, व्यावसायिक संगठन, फर्म, कम्पनी एवं नीजि उद्यमी सम्झनु पर्छ ।

(च) "द्विपक्षिय/वहुपक्षिय सम्झौता" भन्नाले सम्वन्धित कार्यालय र साझेदारहरुका बिच पशुपंक्षी व्यवसाय प्रवर्द्धन कार्यक्रम साझेदारीमा सम्पन्न गर्नका लागी गरिएको सम्झौता पत्र सम्झनु पर्छ ।

(छ) "पशु संकलन केन्द्र" भन्नाले पशु उत्पादन पकेट क्षेत्र आसपास पायक पर्ने गरीपशुहरु जम्मा गरी बिक्री बितरण गर्ने उद्देश्यले निर्माण र संचालन गरिने संरचना सम्झनु पर्छ ।

(ज) "चिलिङ्ग भ्याट" भन्नाले दूधलाई चिसो बनाएर संरक्षण गरी राख्न मिल्ने सुविधायुक्त विभिन्न क्षमताको स्टिलको भ्याट (ट्यांकी) सम्झनु पर्छ ।

(झ) "मासु पसल" भन्नाले उपभोक्ताहरुलाई स्वच्छ, स्वस्थ एवं गुणस्तरिय मासु तथा मासु जन्य उत्पादनहरु विकि वितरण गर्ने उदेश्यले स्थानीय निकायमा सुचीकृत भई पशु बधशाला तथा मासु जांच ऐन, २०५५ , पशु

वधशाला तथा मासु जाँच नियमावली, २०५७ र प्राविधिक निर्देशिका, २०६४ ले निर्दिष्ट गरे अनुसारको मासु बिक्री स्थल सम्झनु पर्छ ।

(ञ) "डेरी पसल" भन्नाले उपभोक्तालाई स्वच्छ, स्वस्थ एवं गुणस्तरिय दूध तथा दुग्धजन्य उत्पादनहरु विक्री वितरण गर्ने उद्देश्ले यस कार्याविधि बमोजिम निर्माण/सुधार गरिएको दूध वा दुग्धजन्य पदार्थ बिक्री स्थल सम्झनु पर्छ ।

(ट) "पशुपन्छी हाटव्यवसाय" भन्नाले प्रशोधित वा अप्रशोधित पशुपंक्षी तथा पशुपंक्षीजन्य उत्पादनहरु खरीद विक्रि गर्ने उद्देश्यले यस कार्यविधि वमोजिम निर्माण/सुधार हुने स्थान वा संरचना सम्झनु पर्छ ।

(ठ) "पशुपन्छीजन्य पदार्थ" भन्नाले घरपालुवा गाई, भैंसी, भेंडा, बाख्रा, बंगुर जस्ता चौपाय तथा कुखुरा, हाँस, परेवा, अस्ट्रिच, टर्की जस्ता पन्छी र माछाबाट उत्पादित प्रशोधित तथा अप्रशोधित बस्तु सम्झनु पर्छ ।

(ड) "पशुपन्छीजन्य उद्योग व्यवसाय" भन्नाले पशुपंक्षी पालनबाट उत्पादित प्रशोधित वा अप्रशोधित दूध, फुल, माछा, मासु वा सोबाट तयार हुने उपभोग्य खाद्यपदार्थहरु रपशुपन्छीको छाला, ऊन, हाड र सोबाट तयार हुने बस्तु तथा पशुपन्छीको लागि दाना र अन्य प्रशोधित आहारा र कुखुरा चल्ला उत्पादन गर्ने उद्योगलाई सम्झनु पर्छ ।

(ढ) "सहकारी" भन्नाले सहकारी ऐन, २०७४ अनुसार गठित सहकारी संस्थालाई सम्झनु पर्छ ।

(ण) "प्रस्ताव" भन्नाले साझेदारीमा पशुपन्छीव्यवसाय प्रवर्द्धन कार्यक्रम संचालन गर्नको लागि आवश्यकता अनुसार साझेदारले पेश गरेको विस्तृत लागत अनुमान सहितको कार्य विवरण सम्झनु पर्छ ।

(त) "पशु बधशाला/बधस्थल" भन्नाले स्वच्छ, स्वस्थ एवं गुणस्तरीय मासु उत्पादन गर्ने उदेश्यले पशु बधशाला तथा मासु जांच ऐन, २०५५ पशु वधशाला तथा मासु जाँच नियमावली, २०५७ र सो को प्राविधिक निर्देशिका, २०६४ मा परिभाषित गरिए बमोजिमको पशुपन्छी बध गर्ने संरचना/स्थानलाई सम्झनु पर्छ ।

३. <u>उद्देश्य</u>:- पशुपन्छी व्यवसाय प्रवर्द्धन कार्यक्रमको उदेश्य देहाय वमोजिम हुनेछ:

(क) पशुपंक्षी वजार प्रवर्द्धन कार्यक्रमहरु निश्चित विधि र प्रकृया अन्तर्गत एकरुपता कायम राखी संचालन गर्नु ।

(ख) स्वच्छ, स्वस्थ्य एवं गुणस्तरीय पशुजन्य पदार्थको उत्पादन, प्रशोधन, विविधिकरण र बिकि वितरण तथा उपलब्धता सुनिश्चित गर्नमा सघाऊ पुऱ्याउनु ।

(ग) पशुपन्छी उत्पादन पकेटहरुलाई व्यवसायसंगको आबद्धता प्रदान गर्दै जिवित पशुपंक्षी तथा पशुपंक्षीजन्य उत्पादनको व्यवसायीकरणमा टेवा पुऱ्याउनु ।

(घ) व्यवसाय संजालको विकास एवं व्यवस्थित व्यवसाय सूचना प्रणालीको विकास गर्नु ।

(ङ) पशुपन्छी तथा पशुपन्छीजन्य पदार्थका उत्पादक, व्यापारी, व्यवसायी र आम उपभोक्ताको दक्षता र सचेतना अभिबृद्धिमा सघाउ पुऱ्याउनु ।

## परिच्छेद २

४. **<u>पूँजिगत साझेदारी सम्बन्धि व्यवस्था</u>**:- (१) सम्बन्धित कार्यालयले बार्षिक स्विकृत कार्यक्रम बजेट र अख्तियारी बमोजिम देहाय बमोजिमका कार्यक्रमहरु संचालन गर्नका लागी पूँजिगत साझेदारी गर्न र गराउन सक्नेछ । कार्य प्रगतिको आधारमा नगद अनुदान प्रवाह गरिनेछ ।

| क.स. | कार्यक्रमको नाम | संभाव्य साझेदारहरु | अधिकतम साझेदारी रकम |
|---|---|---|---|
| १ | चिलिङ्ग भ्याट स्थापना (५०० लिटर क्षमता) | दुग्ध उत्पादक तथा वितरक सहकारी संस्था, डेरी उधोग, दुग्ध व्यवसायी, कृषक समुह समिति तथा व्यवसायिक फर्म संचालक | ७५% सम्म मात्र |
| २ | चिलिङ्ग भ्याट स्थापना (१००० लिटर क्षमता) | दुग्ध उत्पादक तथा वितरक सहकारी संस्था, डेरी उधोग, दुग्ध व्यवसायी, कृषक समुह समिति तथा व्यवसायिक फर्म संचालक | ७५% सम्म मात्र |

| | | | |
|---|---|---|---|
| ३ | चिलिङ्ग भ्याट स्थापना (२००० लिटर क्षमता) | दुग्ध उत्पादक तथा वितरक सहकारी संस्था, डेरी उधोग, दुग्ध व्यवसायी, कृषक समुह समिति तथा व्यवसायक फर्म संचालक | ७५%सम्म मात्र |
| ४ | चिलिङ्ग भ्याट स्थापना (३००० लिटर क्षमता) | दुग्ध उत्पादक तथा वितरक सहकारी संस्था, डेरी उद्योग, दुग्ध व्यवसायी, कृषक समुह समिति तथा व्यवसायिक फर्म संचालक | ७५%सम्म मात्र |
| ५ | डेरी पसल सुधार | दुग्ध उत्पादक तथा वितरक सहकारी संस्था, डेरी उधोग, दुग्ध व्यवसायी, कृषक समुह समिति तथा व्यवसायिक फर्म संचालक | ७५%सम्म मात्र |
| ६ | माछा मासु पसल सुधार | माछा /मासु व्यवसायी, मासु व्यवसायी संघ संस्था, कृषक समुह समिति, व्यवसायिक फर्म संचालक | ७५%सम्म मात्र |
| ७ | पशुपन्छी हाटबजार पूर्वाधार सुधार | स्थानिय तह, उद्योग वाणिज्य संघ, व्यावसायिक संघ/संगठन, विद्यालय वा देवालय संचालक समिति, सहकारी संस्था | ७५% सम्म मात्र |
| ८ | पशुपन्छी संकलन केन्द्र पुर्वाधार सुधार तथा निर्माण | स्थानिय तह, उद्योग वाणिज्य संघ, व्यावसायिक संघ/संगठन, विद्यालय वा देवालय संचालक समिति, सहकारी संस्था | ७५% सम्म मात्र |
| ९ | पशु बधशाला निर्माण | स्थानिय तह, उद्योग वाणिज्य संघ, व्यावसायिक संघ/संगठन मासु व्यवसायी, मासु व्यवसायी संघ संस्था, कृषक समुह समिति, व्यवसायिक फर्म संचालक | ७५% सम्म मात्र |
| १० | पशुबधस्थल निर्माण | स्थानिय तह, उद्योग वाणिज्य संघ, व्यावसायिक संघ/संगठन मासु व्यवसायी, मासु व्यवसायी संघ संस्था, कृषक समुह समिति, व्यवसायिक फर्म संचालक | ७५% सम्म मात्र |
| ११ | पशुपन्छीजन्य उत्पादन प्रशोधन उद्योग स्थापना तथा संचालन जस्तै दुग्ध प्रशोधन, माछा मासु प्रशोधन, पशुपन्छी आहारा र दाना उद्योग, छाला प्रशोधन कारखाना कुखुरा चल्ला उत्पादन आदी | नीजी व्यवसायी, व्यवसायी संघ संस्था, कृषक समुह/ समिति, व्यवसायिक फर्म संचालक, पशुपन्छी जन्य उत्पादन प्रशोधनमा लागेका उद्यमी । स्थानीय निकाय, उद्योग बाणिज्य संघ, व्यावसायिक संघ स्रगठन | २५% सम्म मात्र |
| १२ | पशु पन्छीजन्य उत्पादन प्रशोधन उद्योग पुर्वाधार सुदृढिकरण जस्तै दुग्ध प्रशोधन, माछा मासु प्रशोधन, पशुपन्छी दाना उद्योग, छाला प्रशोधन कारखाना आदी | पशुपन्छीजन्य उत्पादन प्रशोधनमा लागेका उद्यमी, उद्योग बाणिज्य संघ, व्यावसायिक संघ/संगठन नीजि व्यवसायी, व्यवसायी संघ संस्था, कृषक समुह/ समिति, व्यवसायिक फर्म संचालक । | ७५% सम्म मात्र |
| १३ | दुध संकलन केन्द्र पुर्वाधार | नीजिव्यवसायी, व्यवसायी संघ संस्था, कृषक समुह/समिति, व्यवसायिक फर्म संचालक, | ७५% सम्म मात्र |

| | | | |
|---|---|---|---|
| | निर्माण सुधार | पशुपन्छीजन्य उत्पादन प्रशोधनमा लागेका उद्यमी । स्थानीय तह, उद्योग बाणिज्य संघ, | |
| १४ | बजार सुचना केन्द्र (Market Intelizence center) | स्थानीय तह, उद्योग बाणिज्य संघ, व्यावसायिक संघ/संगठन, विद्यालय वा देवालय संचालक समिति, सहकारी संस्थाद्वरा संचालित बजार | ७५% सम्म मात्र |

(२) उपदफा (१) मा साझेदारको साझेदारी रकममा जति सुकै भएपनि वार्षिक स्विकृत कार्यक्रम बजेटका परिधि भित्र रही आर्थिक अनुदान प्रदान गरेर कार्यक्रम सचालन गरिनेछ।

(३) पूँजिगत साझेदारीमा पशुपन्छी व्यवसाय प्रवर्द्धन कार्यक्रमहरु ७५:२५ को लागत सहभागिताका आधारमा संचालन गरिनेछ। अर्थात सम्बन्धित कार्यलयले कुनै निश्चित कार्यक्रम संचालन गर्नका लागि प्रदान गर्ने अनुदान रकमलाई कूल लागतको ७५ प्रतिशत मानी बांकी २५ प्रतिशत रकम सम्बन्धित साझेदारले आफना आन्तरिक श्रोतबाट लगानी गरी कार्यक्रम सम्पन्न गर्नुपर्ने छ। तर जग्गाको मूल्याङ्कनलाई साझेदारी रकममा संलग्न गर्न पाईनछैन।

(४) उपदफा (३) मा जे सुकै कुरा उल्लेख भए तापनि उद्योग स्थापनाको लागि सरकारी लगानी कूल रकमको २५ प्रतिशत तथा स्वलगानी ७५ प्रतिशत अथवा २५:७५ को लागत सहभागितामा सम्पन्न गर्नुपर्नेछ।

(५) सम्भावित साझेदारहरुको छनोट गर्दा उपदफा(१) मा उल्लेख भए अनुसार प्राथमिकता दिइनेछ।

(६) एउटा साझेदारलाई सोही कार्यका लागी एकभन्दा बढीपटक वा अन्य कुनै सरकारी निकायबाट अनुदान प्राप्त गरीसकेका साझेदारलाई पूनः अनुदान प्रदान गरिनेछैन। तर अधुरो निर्माण सम्पन्न गरी कार्य संचालन गर्न थप अनुदान आवश्यकरहेका भन्ने जायज पुष्ट्याई भएमा पूनः साझेदारी गर्न बाधा पर्नेछैन।

## परिच्छेद३

### प्रस्ताव आव्हान, छनौट, सम्झौता र भुक्तानी सम्वन्धी व्यवस्था

५. **प्रस्ताव आव्हान र पेश गर्ने विधिः-** (१) सम्बन्धित कार्यालयले वार्षिक स्विकृत कार्यक्रम अनुसार *अनुसची १* बमोजिम राष्ट्रियस्तरको पत्रिकामा ३० दिने सार्वजनिक सूचना प्रकाशन गरी साझेदारीमा संचालन हुने पशुपंक्षी व्यवसाय प्रवर्द्धन कार्यक्रम संचालनका लागि पस्ताव आव्हान गर्नेछ। यस्तो सूचना सम्बन्धित कार्यालयको सूचनापाटीमा समेत अनिवार्यरुपले टांस गर्नु पर्नेछ र सम्भव भए सम्म स्थानीय एफ एम रेडिया, वेवसाईट मार्फत समेत प्रकाशन गरिनेछ।

(२) सूचनामा उल्लेख भएअनुसार इच्छुक साझेदारहरुले *अनुसूची २* बमोजिमका प्रस्तावपत्र, *अनुसूची ३* बमोजिमका संक्षिप्त व्यवसायिक कार्य योजना (रु. १० लाख वा सो भन्दा बढीका साझेदारी प्रस्तावका हकमा मात्र), *अनुसूची ४* बमोजिमका लागत साझेदारी गर्ने प्रतिबद्धता पत्र, *अनुसूची ५* बमोजिमका सम्बन्धित निकायका सिफारिसर *अनुसूची ६* बमोजिमको निवेदन सहित सम्बन्धित कार्यालयमा दर्ता गर्नु पर्नेछ।

(३) रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश गरिने छैन।

६. **प्रस्तावछनौट समितिः**-(१) सम्बन्धितकार्यालयले दफा ५ बमोजिम पेश हुन आएका प्रस्तावहरु छनौटगर्नका लागी देहाय बमोजिमको प्रस्ताव छनौट समिति गठन गर्नेछ :-

(क) उपसचिव/शाखा अधिकृतस्तरका कर्मचारी १ जना -संयोजक

(ख) कार्यालयप्रमुखले तोकेको अन्य २ जना प्राविधिक कर्मचारी -सदस्य

***नोटः: सम्बन्धित कार्यालय प्रमुखले आवश्यक ठानेमा सोही वा अन्य कार्यालयका पदाधिकारी मनोनयन गर्न सक्नेछ।***

(२) प्रस्ताव छनौट समितिले *अनुसूची ७* बमोजिमका मूल्यांकनका आधारमा प्रस्तावहरुको मूल्याङ्कन र प्राथमिकताक्रम निर्धारण गर्नेछ ।

(३) यसरी पाथमिकताक्रम निर्धारणगर्दा बढी अङ्क प्राप्त सफल प्रस्तावहरु दफा ६ को उपदफा (१) बमोजिमका प्रस्ताव छनौट समितिका पदाधिकारी मध्ये एक जना , भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका प्रतिनीधी एक जना र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयका प्रतिनिधी एक जना गरि कम्तीमा ३ सदस्यीय टोलीले अनुसूची ८ बमोजिम स्थलगत प्रमाणिकरण र मूल्याङ्कन गर्नेछ ।

(४) दफा ६ को उपदफा (२) र (३) बमोजिमका मूल्याङ्कनमा आवेदकले प्राप्त गरेका औषत अङ्का आधारमा साझेदारीका लागि उपयुक्तठहरेका आवेदकहरुको सुची तयार गरी प्रस्ताव छनौट समितिलेसम्झौताको लागी सम्बन्धित कार्यालय प्रमुख समक्ष पेश गर्नेछ ।

(५) यसरी प्रस्ताव छनौट समिति र मूल्यांकन समितिको संयुक्त मूल्यांकनबाट सिफारिस भइ पेश भएका प्रस्तावहरु कार्यालय प्रमूखले अनुमोदन गरी सम्झौताको लागि स्विकृत गर्नेछ ।

(६) स्विकृत भएका प्रस्तावदाताहरुलाई सम्झौता स्विकृत भएको मितिले ७ दिनभित्र सम्झौताका लागि उपस्थित हुनजानकारी पठाउनु पर्नेछ ।

**७. द्विपक्षियसम्झौताः-** (१) सम्बन्धित कार्यालयले दफा (६) बमोजिम छनौट भएका आवेदकहरुसंग पशुपंन्छी व्यवसाय प्रवर्द्धन कार्यक्रम संचालन गर्नका लागी *अनुसूची ९* बमोजिमका द्विपक्षिय सम्झौता गर्नेछ ।

(२) द्विपक्षिय सम्झौतामा उल्लेखितबुँदाहरुलाई साझेदारी कार्यक्रम संचालनका मूलआधार मानिनेछ ।

**८.भुक्तानीप्रकृयाः-** (१) प्रस्तावको स्थलगत मुल्यांकन तथा अनुगमन निरिक्षणको लागि खटिएको कर्मचारीको दैनिक भ्रमणभता, कार्यालय सामान आदी कार्यक्रम संचालनको लागि अख्तियारी प्राप्त गरेको निकायले सम्बन्धित कार्यक्रमको विनियोजित रकमबाट आवश्यक्ताअनुसार १ देखि ५ प्रतिशत कन्टिनजेन्सी कटा गरी मितव्ययी रुपमा खर्च गर्न सक्नेछ ।

(२)सम्बन्धित कार्यालयले साझेदारसंग द्विपक्षिय सम्झौता गर्दा कुन कार्यक्रम संचालनगर्न कतिरकम अनुदान उपलब्ध गराउनेहोर सोरकम कुन विधीबाट भुक्तानी गरिन्छ भन्नेकुरा स्पष्टखुलाउनु पर्नेछ ।

(३) सामान्यतया अनुदानरकमका भुक्तानी दूई बराबर किस्तामा सम्बन्धित साझेदारको बैङ्खातामा स्वलगानीको रकम सुनिश्चित तथा खर्च भएपछि दिईनेछ।

(४) सम्बन्धित साझेदारले शुरुमा आफनातर्फको लगानीबाट सम्झौता अनुसारका कार्यसम्पन्न गरीनियमानुसारका विल/विजक, दाखिलारिपोर्ट, सरकारबाट मान्यता प्राप्त प्राविधिकले तयारगरेका कार्यसम्पन्न प्रतिवेदन र रनिङ्ग विल तथा अन्य आवश्यक कागजातहरु सहित भुक्तीनका लागि अनुरोधगरेपछी सम्बन्धित कार्यालयले स्थलगत निरीक्षण गरी मनासिब ठहरेमा रनिङ्गविलका आधारमा सम्पन्न भएका कामका मात्रभुक्तानी दिइने छ । बाँकी रकमको भुक्तानी भएको कामको बरावर कार्यसम्पन्न प्रतिवेदनको आधारमा सक्कल बील भर्पाइ आदीको आधारमा भूक्तानी गरिनेछ ।

## परिच्छेद ४

९. **<u>पशु बधशाला/बधस्थल निर्माण तथा सुधारः</u>**-(१) सम्बन्धित कार्यालयले पशु बधशाला/बधस्थल निर्माण तथा सुधार सम्बन्धी कार्यक्रम संचालन गर्नका लागी प्राप्त कार्यक्रम बजेट र अख्तियारी अनुसार दफा ५, ६, ७ र ८ बमोजिम प्रस्ताव आव्हान, छनौट, सम्झौता र भुक्तानीका प्रकृयाहरु अवलम्बन गर्नेछ ।

(२) स्थानीय स्वायत्त शासन ऐन, २०५५ बाट प्रदत्त अधिकार बमोजिम पशु बधशाला/बधस्थल निर्माण, संचालन र नियमनमा स्थानीय तहको अहम भूमिका र दायित्व रहने भएकाले पशु बधशाला/बधस्थलको निर्माण/सुधारको कार्यक्रम संचालन गर्दा स्थानीय तहलाई प्राथमिकता प्रदान गरिनेछ ।

(३) पशु बधशाला/वधस्थलको भौतिक संरचनाको मूल स्वरुप अनुसूची १० बमोजिमको हुनु पर्नेछ तर स्थान विषेशको आवश्यक्तावमोजिम विषय विज्ञको परामर्श लिई गरिएको सामान्य परिमार्जन सहितको पशु बधशाला/बधस्थलको निर्माण/सुधारमा लागत साझेदारी गर्न बाधा पर्ने छैन ।

(४) पशु बधशाला/बधस्थलका निर्माण/सुधार कार्यक्रम अन्तर्गत सम्बन्धित कार्यालयबाट प्रदान गरिने अनुदान रकम निम्न कार्यका लागी खर्च गर्न सकिनेछः

(क) पशु बधशाला/वधस्थलको भवन निर्माण/सुधार गर्न ।

(ख) पशु बधशाला/बधस्थलमा प्रयोग हुने औजार उपकरणहरु जस्तै ह्याङ्गर, हुक, ट्रली, रेल, डिबानर, स्क्याल्डर, डिफिदर, टेवल, स्टनिङ्ग डिभाईस, प्याकेजिंग मेशिन, चक्कु, चपर, बोन स, डिप फ्रिज तथा नाश भएर नजाने अन्य औजार उपकरणहरु खरिद गर्न ।

(ग) वायो ग्याँस प्लान्ट, रेण्डरिङ्ग प्लान्ट तथा शौचालय निर्माण/सुधार गर्न ।

(घ) बिजुलि बत्ति, ढल निकास, ओभरहेड ट्यांकी, पाईप फिटिङ्ग, वाटर सेनिटाईजर, वेष्ट डिस्पोजल र पानी तान्ने मेशिन जडान आदी ।

(ङ) बधशाला/वधस्थलको भुंईमा र भित्तामा (कम्तिमा ६ फिट उचाई सम्म) सेतो टायल लगाउन ।

(च) किरा फिंगा नपस्ने व्यवस्था गर्न अन्य जैविक सुरक्षाका विधी अवलम्बन गर्न ।

(५) पशु बधशाला/बधस्थल निर्माण तथा सुधारमा साझेदारी गर्नको लागी निम्नलिखित पूर्व शर्तहरु पुरा भएको हुनुपर्नेछ ।

(क) अनलोडिंग प्लेटफर्म, होल्डिंग यार्ड, लाईरेज, स्टनिंग, ब्लिडिंग, स्किनिंग, डिबोनिंग, चपिंग, फ्रिजिंग, प्याकेजिंग, डिस्प्याच, अफिस र सेकुरिटी का लागी प्रयाप्त ठाऊं ।

(ख) स्वच्छ एवं यथेष्ट पिउने पानिको श्रोत ।

(ग) ढलनिकास तथा फोहर मैला व्यवस्थापनका लागी प्रयाप्त ठाऊं र जग्गाको उपलब्धता ।

(घ) बाटो, बिजुली र बजारको सुविधा ।

(ङ) बधशालाको हकमा प्रारम्भिक वातावरणिय परिक्षण (IEE)प्रतिवेदनभएको र वधस्थलको हकमा स्थानिय बासिन्दाबाट बिरोध नहुने लिखित प्रतिबद्धता ।

(च) सम्बन्धित साझेदारले स्वस्थकर मासु उत्पादन बिधि (Hygienic Code of Practice) परिपालना गर्न मन्जुर भएको ।

(६) पशु बधशाला/बधस्थलको निर्माण तथा सुधार सम्बन्धि अन्य कुराहरु पशु बधशाला तथा मासु जाँच ऐन २०५५, पशु बधशाला तथा मासु जाँच नियमावली, २०५७ र प्राविधिक निर्देशिका, २०६४ बमोजिम गर्न सकिनेछ ।

१०. **पशु हाटबजार निर्माण/सुधार कार्यविधीः**-(१) सम्बन्धित कार्यालयले पशु हाटबजार निर्माण तथा सुधार सम्बन्धी कार्यक्रम संचालन गर्नका लागी प्राप्त कार्यक्रम बजेट र अख्तियारी अनुसार दफा ५, ६, ७ र ८बमोजिम प्रस्ताव आव्हान, छनौट, सम्झौता र भुक्तानीका प्रकृयाहरु अवलम्बन गर्नेछ ।

(२) स्थानीय तह, उद्योग बाणिज्य संघ, व्यावसायिक संघ/संगठन, विद्यालय वा देवालय संचालक समिति र सहकारी संस्थाहरु संगको लागत साझेदारीमा नयाँ पशु हाटबजारको निर्माण वा हाल सन्चालनमा रहेका पशु हाटबजारहरुको पूर्वाधार सुधार गर्ने कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

(३) यो कार्यक्रम हुलाकी मार्ग अन्य राजमार्ग आसपासका क्षेत्रहरुमा संचालन गर्ने गरी प्रस्तावित पशु हाटबजार निर्माण तथा सुधार कार्यकमलाई प्राथमिकता प्रदान गरिनेछ ।

(४) यस कार्यविधि बमोजिम उपलब्ध गराइने अनुदानपशु हाटबजारहरुको निर्माण तथा सुधारमा ब्यापारी, खरीदकर्ता तथा पशुपंक्षीका लागि न्युनतम भौतिक सुविधाहरु उपलब्ध हुनेछ । मानव र पशुकल्याण समेत सुनिश्चित गर्नका लागी असल बजार व्यवस्थापन अभ्यास अवलम्बन गर्न अभिप्रेरित गरिनेछ ।

(५) पशु हाटबजार निर्माण/सुधार कार्यक्रम अन्तर्गत सम्बन्धित कार्यालयबाट प्रदान गरिने अनुदान रकम देहायको कार्यका लागि खर्च गर्न सकिनेछः-

(क) व्यापारी र पशुहरुलाई गर्मी र बर्षाबाट बचाउन टहरा निर्माण ।

(ख) ढल निकासको व्यवस्था र भुई ढलान ।

(ग) पशुहरुलाई गाडीबाट ओराल्न र चढाउनको लागि RAMP निर्माण ।

(घ) व्यपारी/खरीद कर्ता र पशुहरुलाई खानेपानी व्यवस्था ।

(ङ) आवश्यकता अनुसार शौचालय र खाजाघरको व्यवस्था ।

(च) फोहर व्यवस्थापनको लागी बायोग्याँस प्लान्ट स्थापना ।

(छ) फोहोर मैला संकलन गर्ने भाडा, औजार, उपकरणको व्यवस्था ।

(ज) पशु हाटबजार कार्यालय र पशुपंक्षी स्वास्थ्य परीक्षण र औषधोपचार केन्द्रको कोठा निर्माण ।

(झ) पशु हाटबजार प्रवेश मार्ग सुधार ।

(ञ) सूचना पाटी र होडिङ्ग वोर्डको व्यवस्था ।

(ट) बिजुली बत्तीको व्यवस्था ।

(ठ) पशु तौलने उपकरणको व्यवस्था ।

(ड) बजार क्षेत्रको बार बन्देज (काँडेतार प्रयोग गर्न नपाईने) ।

(ढ) जैविक सुरक्षाको लागी आवस्यक संरचना र व्यवस्था ।

(६) यस कार्यविधि बमोजिम निर्माण/सुधार गरिने पशु हाटबजारमा हुनुपर्ने न्युनतम पूर्वाधारहरु :-

(क) पशु हाटबजारलाई पर्खालले घेरेर भित्र पस्न र निस्कनको लागि निश्चित स्थानमा ढोकाको व्यवस्था ।

(ख) पशु हाटबजारमा जैविक सुरक्षा सुनिश्चित गर्न मूल ढोकामा अनिवार्य रुपमा निसंकमण गर्ने औषधीयुक्त फुटबाथ र उपयुक्त क्षेत्रमा डिस्पोजल पिटको व्यवस्था।

(ग) विभिन्न जातका पशुहरु राख्नको लागि अलग अलग स्थानको व्यवस्था ।

(घ) पशुहरु राख्ने टहराको व्यवस्था ।

(ङ) पशु तथा मानिसकालागि स्वच्छ तथा सफा पिउने पानीको व्यवस्था ।

(च) पशुहरुको लागि आवस्यक पर्ने दाना, घाँस, नल,पराल आदि राख्ने ठाँउको उचित प्रवन्ध।

(छ) पशुहरुलाई लोड अनलोड गर्ने प्लेटफर्मको व्यवस्था ।

(ज) कृषक,व्यवसायी, खरिदकर्ता तथा विक्रेताहरुको लागी विश्राम गृह तथा शैचालयको व्यवस्था।

(झ) पशु हाटबजार ल्याइने र बिक्रि गरिने पशुको रेकर्ड अध्यावधिक गरी राख्नको लागि अभिलेखीकरणको आवस्यक प्रवन्ध ।

(ञ) पशु हाटबजार भित्र पशु स्वास्थ्य सेवा प्रदान गर्न तथा बिक्रि भएका पशुहरुको स्वास्थ्य परिक्षण गरी निरोगिताको प्रमाणपत्र जारी गर्नका लागी मान्यता प्राप्त भेटेरीनरीयन र डिस्पेन्सरी सेवाको व्यवस्था ।

(७) पशु हाटबजार निर्माण/सुधारका लागि सम्बन्धित साझेदारले जग्गाकोजग्गाधनी प्रमाण पुर्जा वा लिजमा लिएको जग्गाको हकमा कम्तिमा ३०बर्ष अवधिको करारना/सम्झौता प्रस्तावपत्रका साथ पेश गर्नु पर्नेछ ।

(८) यस कार्यविधि बमोजिम निर्माण तथा सुधार गरिने पशु हाटबजारमा व्यवस्थापन समितिको गठन, सहभागितामुलक गुरु योजना तर्जुमा, र बजार संचालनबाट भएको आम्दानीको १५ प्रतिशत रकम बार्षिक रुपमा बजार पूर्वाधार निर्माण, मर्मत सम्भार र व्यवस्थापनमा खर्च गर्नेजस्ता कार्यहरु गर्नु पर्नेछ ।

(९) यस कार्यविधि बमोजिम निर्माण/सुधार हुने पशु हाटबजारको स्वामित्व र संचालन गर्ने दायित्व सम्बन्धित साझेदारको हुनेछ तर सम्बन्धित कार्यालयको सहमती लिई स्थानीय तह, सहकारी संस्था, व्यावसायिक संघ/संगठन, गैर सरकारी संस्था, सामुदायिक संस्था, उद्यमी र व्यवसायीहरुलाई निजको कार्या अनुभव र व्यवस्थापकीय क्षमताको आधारमा स्वामित्व यथावत राखी व्यवस्थापन र सन्चालन सर्शत हस्तान्तरण गर्न सकिनेछ ।

(१०) नेपाल सरकारको समेत आर्थिक लगानीमा निर्माण/सुधार गरिएको पशु हाटबजारको भौतिकसंरचनामा परिवर्तन वा भत्काउनु/हटाउनु पर्ने भएमा सम्बन्धित कार्यालयको पूर्व स्वीकृती अनिवार्य लिनु पर्नेछ ।

११. **पशुपन्छी संकलन केन्द्र निर्माण तथा सुधार:-**(१) सम्बन्धित कार्यालयले पशु संकलन केन्द्र निर्माण तथा सुधार कार्यक्रम संचालन गर्नका लागी बार्षिक स्विकृत कार्यक्रम बजेट र अख्तियारी बमोजिम दफा ५, ६, ७ र ८ बमोजिम प्रस्ताव आव्हान, छनौट, सम्झौता र भुक्तानीका प्रकृयाहरु अवलम्बन गर्नेछ ।

(२) भेंडा, बाखा, बंगुर जस्ता साना पशुहरुको उत्पादन र बेचविखनमा संलग्न कृषक समूह/समिति/सहकारी, व्यावसायिक संघ/संगठन र स्थानिय निकायहरु संगको लागत साझेदारीमा हाल संचालनमा रहेका वा नयाँ स्थापना हुने पशु संकलन केन्द्रहरुमा आवश्यक पूर्वाधार विकासलाई प्राथमिकता दिइनेछ ।

(३) हुलाकी राजमार्ग र उत्तरदक्षिण लोकमार्ग आसपासमा रहेका पशु उत्पादन पकेट क्षेत्रहरु तथा बृहत्तर पशु विकास कार्यकम वा अन्य उत्पादन अभिबृद्धी कार्यक्रम सन्चालन भएका क्षेत्रहरुमा पायक पर्ने हिसाबले पशु संकलन केन्द्र स्थापना र संचालन गरी तिनलाई पशु हाटबजार वा घना आवादियुक्त शहर केन्द्रित बजार संग आवद्ध गराई उत्पादित पशुहरुको बजारिकरणमा संलग्न हुन चाहने आवेदकलाई यस कार्यकममा प्राथमिकता प्रदान गरिनेछ ।

(४). पशु संकलन केन्द्र निर्माण तथा सुधार कार्यक्रम अन्तर्गत सम्बन्धित कार्यालयबाट प्रदान गरिने अनुदान रकम निम्न कार्यका लागी खर्च गर्न सकिनेछ :-

(क) उद्योगका लागी आवस्यक भवन र अन्य भौतिक संरचना निर्माण/सुधार ।

(ख) आवश्यक मेशीन, औजारर उपकरणहरु खरिद तथा जडान ।

(ग) प्रकाश/संवातन व्यवस्थापन तथा सुरक्षा सम्बन्धि निर्माण कार्यहरु ।

(घ) ढल निकास तथा फोहोर व्यवस्थापनका लागि आवश्यक निर्माण र उपकरण जडान ।

(ङ) विद्युत र पानीको नियमित आपूर्ती सम्बन्धि कार्यहरु ।

(च) मर्मत संभारमा आवश्यक पर्ने औजार र उपकरणको व्यवस्था ।

(छ) जनावर राख्ने सेड निर्माण र प्राथमिक पशु उपचार कक्ष ।

(ज) बारबन्देज र कम्पाउण्ड वाल निर्माण ।

(झ) फोहोर व्यवस्थापन, बायोग्यास प्लान्ट निर्माण तथा शौचालय निर्माण/सुधार ।

(ञ) अभिलेखिकरण र सुचना व्यवस्थापनका लागी कम्प्युटर, प्रिन्टर, टेलिफोन जडान ।

(५) यस निर्देशिका बमोजिम निर्माण/सुधार हुने पशु संकलन केन्द्रको स्वामित्व र संचालन गर्ने दायित्व सम्बन्धित साझेदारको हुनेछ ।तर सम्बन्धित कार्यालयको सहमती लिई स्थानीय तह, सहकारी संस्था, व्यावसायिक संघ/संगठन, गैर सरकारी संस्था, सामुदायिक संस्था, उद्यमी र व्यवसायीहरुलाई निजको कार्यानुभव र व्यवस्थापकीय क्षमताको आधारमा स्वामित्व यथावत राखी व्यवस्थापन र संचालन सर्शत हस्तान्तरण गर्न सकिनेछ ।

(६) नेपाल सरकारको समेत आर्थिक लगानीमा निर्माण तथा सुधार गरिएको पशु संकलन केन्द्रको भौतिकसंरचनामा परिवर्तन वा भत्काउनु/हटाउनु पर्ने भएमा सम्वन्धित कार्यालयको पूर्व स्वीकृती अनिवार्य लिनु पर्नेछ ।

१२. **पशुपंक्षीजन्य उद्योग प्रवर्द्धन कार्यक्रम संचालन**(१)सम्बन्धित कार्यालयले पशुपंक्षीजन्य उद्योग प्रवर्द्धन कार्यक्रम संचालन गर्नका लागी बार्षिक स्विकृत कार्यक्रम बजेट र अख्तियारी बमोजिम दफा ५, ६, ७ र ८ बमोजिम प्रस्ताव आव्हान, छनौट, सम्झौता र भुक्तानीका प्रकृयाहरु अवलम्वन गर्नेछ ।

(२) दूध, फुल, मासु, हाड, ऊन,पशुपन्छी दाना र अन्य पशुपंक्षीजन्य उत्पादनमा आधारित घरेलु, साना तथा मझौला उद्योग संचालनमा संलग्न सहकारी संस्था, कृषक समुह/समिति, व्यावसायिक संघ/संगठन, फर्म, कम्पनी र निजी उद्यमीहरु संगको लागत साझेदारीमा हाल संचालनमा रहेका वा नयाँ स्थापना हुने पशुजन्य उद्योगको पूर्वाधार विकास र उत्पादन विविधिकरणलाई प्राथमिकता दिइनेछ ।

(३) पशुपंक्षीजन्य उद्योग प्रवर्द्धन कार्यक्रम अन्तर्गत सम्बन्धित कार्यालयबाट प्रदान गरिने साझेदारी रकम उद्योगको प्रकृति अनुसारका भौतिक संरचना निर्माण/सुधार, यन्त्रउपकरण र मेशिनरी खरिद तथा जडान, प्रशोधन, प्याकेजिङ्ग र भण्डार समबन्धि औजार उपकरणहरु एवम नास नहुने खालकाअन्य सामग्रीका लागी खर्च गर्न सकिनेछ । तर उक्त कुराहरुको निर्कयौल गरी सम्वन्धित कार्यालयले द्धपक्षिय सम्झौता पत्रमा उल्लेख गर्नेछ ।

(४) यस कार्यविधि बमोजिम अनुदान उपलब्ध गराई प्रवर्द्धन गरिएका साना डेरी उद्योगहरुमा समेत आधारभूत ऋयमभ या Practice/GHP/GMP/HACCP जस्ता स्वच्छता सम्बन्धि अवधारणाहरु अवलम्वनगर्न अभिप्रेरित गरिनेछ ।

(५) पशुपन्छीजन्य उद्योग प्रवर्द्धन कार्यक्रम अन्तर्गत सम्बन्धित कार्यालयबाट प्रदान गरिने अनुदान रकम देहयका लागि खर्च गर्न सकिनेछ :-

(क) उद्योगको लागी आवस्यक भौतिक संरचना निर्माण/सुधार ।

(ख) भुई तथा भित्तामा टायल लगाउने, सम्याउने, कुनाकानी मिलाउने तथा उचित प्रकारको सिलिङ्ग निर्माणका कार्यहरु ।

(ग) उद्योगका लागि आवश्यक मेशीन र उपकरणहरु खरिद तथा जडान ।

(घ) प्रकाश/संबातन व्यवस्थापन तथा किरा फट्यांग्रा नियन्त्रण सम्बन्धी कार्यहरु ।

(ङ) ढल निकास तथा फोहोर व्यवस्थापनका लागि आवश्यक निर्माण कार्यहरु ।

(च) बिद्युत र पानीको नियमित आपूर्ती सम्बन्धि कार्यहरु ।

(छ) उत्पादन भण्डारण राख्ने स्थान सामाग्री जस्तै स्टोर हाउस,क्यान, मिल्क पम्प तथा होज पाइप आदिको व्यवस्था ।

(ज) व्यक्तिगत सूरक्षाको लागि आवश्यक एप्रोन, मास्क, बुट, टोपी लगायतका सामाग्रीहरु ।

(झ) मर्मत संभारमा आवश्यक पर्ने औजार र उपकरणको व्यवस्था ।

(ञ) एनालाईजर वा गुणस्तर जांचका लागी आवस्यक अन्य उपकरण जडान सम्बन्धी कार्यहरु ।

(ट) भण्डारण, प्याकेजिंग गर्नको लागि आवश्यक मेसीन तथा उपकरणको स्थापना ।

(६ पशुपन्छीजन्य उद्योग प्रवर्द्धन कार्यक्रममा सहभागी हुनका लागी सम्बन्धित साझेदारले यस कार्यविधि बमोजिमका अन्य प्रावधानहरुका अतिरिक्त निम्न शर्तहरु पुरा गर्नु पर्नेछ ।

(क) उद्योग व्यवसायमा संलग्नभै दैनिक एक टनक्षमता भन्दा बढी प्रशोधित वा अप्रशोधित पदार्थ बिकिवितरण गर्ने गरेको वा योजना।

(ख) उद्योग संचालन गर्ने स्थलको जग्गाको स्वामित्व भएको वा लिजमा लिएको जग्गा भए कम्तिमा २५ बर्षको करार/सम्झौता र आवस्यक निर्माण गर्न पाउने अनुमती प्राप्त गरेको ।

(ग) सम्बन्धित सरकारी निकायबाट उद्योग संचालनको अनुमती प्राप्त गरेको ।

(घ) उत्पादितपदार्थ बिकिका लागी बजारको सुलभता भएको ।

(ङ) स्वच्छ परिचालनका बिधी तथा आचरणहरु (Good Manufacturing Practices)पालन गर्न मंजुर भएको ।

(च) कुनै पनि बैंक तथा बित्तीय संस्थाको खराब ऋणी नभएको ।

१३.<u>चिलिङ्गभ्याट स्थापना कार्यक्रम संचालनः</u>-(१)सम्बन्धित कार्यालयले चिलिङ्गभ्याट स्थापना कार्यक्रम संचालन गर्नका लागी बार्षिक स्विकृत कार्यक्रम बजेट र अख्तियारी बमोजिम दफा ५, ६, ७ र ८ बमोजिम प्रस्ताव आव्हान, छनौट, सम्झौता र भुक्तानीका प्रकृयाहरु अवलम्बन गर्नेछ ।

(२) चिलिङ्गभ्याट स्थापना सन्चालन गर्दा दूग्ध उत्पादन, संकलन र बिकि वितरणमा संलग्न दुग्ध उत्पादक सहकारी संघ/संस्था, कृषक समुह/समिति, डेरी उद्योग, व्यावसायिक फर्म, कम्पनी, निजी उद्यमीहरुले प्राथमिकता पाउनेछन् ।

(३) सकभर गाईभैंसी पालन पकेट क्षेत्रलाई लक्षित गरी धेरै कृषकहरुलाई पायक पर्ने तथा बाटो, पानी र बिजुलीको सुविधा भएको स्थानमा चिलिङ्गभ्याट स्थापना गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।

(४) चिलिङ्गभ्याट स्थापना कार्यक्रममा लागत साझेदारी गरी सामेल हुनका लागी सम्बन्धित साझेदारले यस कार्यविधि बमोजिमका अन्य प्रावधानहरुका अतिरिक्त देहायका शर्तहरु पुरा गरेको हुनु पर्नेछ :-

(क) ५०० लिटर क्षमताको चिलिङ्गभ्याट स्थापनाको लागी सो स्थानमा दैनिक कम्तिमा २५० लिटर, १००० लिटर क्षमताको चिलिङ्गभ्याट स्थापनाको लागी दैनिक कम्तिमा ५०० लिटर, २००० लिटर क्षमताको चिलिङ्गभ्याट स्थापनाको लागी दैनिक कम्तिमा १००० लिटर र ३००० लिटर क्षमताको चिलिङ्गभ्याट स्थापनाको लागी दैनिक कम्तिमा १५०० लिटर दुध संकलन र बिक्रिवितरण भैरहेको हुनु पर्नेछ ।

(ख) स्थापित चिलिङ्गभ्याट कम्तिमा ५ बर्ष सम्म सोही स्थानमा सञ्चालित रहने र अन्यत्र हस्तान्तरण वा बेचबिखन नहुने प्रत्याभुती हुनु पर्नेछ ।

(५) चिलिङ्गभ्याट स्थापना कार्यक्रम अन्तर्गत सम्बन्धित कार्यालयबाट प्रदान गरिने अनुदान रकम निम्न कार्यमा खर्च गर्न सकिनेछ :-

(क) चिलिङ्गभ्याट खरिद, ढुवानी र जडान सम्बन्धि ।
(ख) मिल्क क्यान वा मिल्क क्यारिङ्ग युटेन्सिल र २/३ पांग्रे ढुवानी साधन खरिद ।
(ग) चिलिङ्ग सेन्टरमा ढल निकास तथा फोहोर ब्यवस्थापनका लागि आवश्यक निर्माण ।
(घ) बिद्युत जडान र सफा पानीको नियमित आपूर्ती सम्बन्धि निर्माण ।
(ङ) दूग्ध संकलन तथा बिकी वितरणका लागि पानी नजम्ने र सजिलै संग सफा गर्न सकिने किसिमले ढलान गर्न वा टायल लगाउन ।

१४. <u>डेरी पसल निर्माण/सुधार कार्यक्रम सन्चालनः</u>-(१) सम्बन्धित कार्यालयले डेरी पसल निर्माण तथा सुधार कार्यक्रम संचालन गर्नका लागी बार्षिक स्विकृत कार्यक्रम बजेट र अख्तियारी वमोजिम दफा५, ६, ७ र ८ बमोजिम प्रस्ताव आव्हान, छनौट, सम्झौता र भुक्तानीका प्रकृयाहरु अवलम्बन गर्नेछ ।

(२) डेरी पसल निर्माण/सुधार कार्यक्रम सन्चालन गर्दा दुग्ध उत्पादन, संकलन र बिकि वितरणमा संलग्न दुग्ध उत्पादक सहकारी संघ/संस्था, कृषक समुह/समिति, डेरी उद्योग, व्यावसायिक फर्म, कम्पनी, निजी उद्यमीहरुले प्राथमिकता पाउनेछन् ।

(३) डेरी पसल निर्माण/सुधारको कार्यक्रम सकभर नगरपालिका, नगरोन्मुख बस्तिहरु तथा घना आवादीयुक्त व्यापारिक केन्द्रलाई लक्षित गरी संचालन गरिनेछ ।

(४). डेरी पसलनिर्माण/सुधार कार्यक्रममा सहभागी हुने आवेदकले दैनिक कम्तिमा १०० लिटर दूध वा सो बराबरको दुग्धजन्य परिकार बिकि वितरण गरिरहेको हुनु पर्नेछ ।

(५) डेरी पसल निर्माण/सुधार कार्यक्रम अन्तर्गत सम्बन्धित कार्यालयबाट प्रदान गरिने अनुदान रकम निम्न कार्यमा खर्च गर्न सकिनेछ :-

(क) बिकि कक्ष निर्माण, टायल/मार्वल फिटिङ्ग, सिटिङ्ग एरेन्जमेन्ट, बोर्ड/ब्यानर आदी ।
(ख) मिल्क क्यान, मिल्क कन्टेनर, फ्रिज वा डिप फ्रिज खरिद ।
(ग) मिल्क डिस्पेन्सर खरिद
(घ) डेरी पसलको सजावट र फोहोर व्यवस्थापन आदी ।

(६) सुधारिएको डेरी पसलनिम्न मापदण्ड अनुसारको हुनु पर्नेछ ।

(क) ठूलो पसलको क्षेत्रफल सामान्यतया १२ फिट चौडाई र १० फिट लम्वाई भएको तथा सानो पसलको हकमा लम्वाई १० फिट र चौडाई १० फिट भएको ।
(ख) पसलको ऊँचाई १० फिट कायम रहने गरी सिलिङ्ग राखिएको र सिलिङ्ग धुलो मैलो नखस्ने र पानी नतप्किने गरी बनाईएको ।
(ग) भित्ता पक्का खालको र भित्ताको भित्री भागमा ६ फिट ऊँचाई सम्म सेतो रङ्गको टायल लगाई त्यस भन्दा माथी सेतो रङ्ग लगाएको ।
(घ) बिकि कक्षको भुईनचिप्लने, पानी नजम्ने र नसोस्ने किसिमले ढलान गरिएको वा टाएल/मार्वल लगाई सजिलै सफागर्न सकिने किसिमको ।
(ङ) डेरी पसल तथा आसपासको क्षेत्र सफा र आकर्षक हनुका साथै फोहर व्यवस्थापनको प्रबन्ध भएको ।

(च) डेरी पसलमा प्रयोग गरिने औजार/उपकरणहरु खिया नलागेको तथा फुडग्रेड स्टेनलेस स्टीलले वनेको।

(छ) डेरी पसलमा काम गर्ने व्यक्तिले एप्रोन,गमवुट, मास्क, क्याप र ग्लोव लगाएको ।

(ज) डेरी पसलमा झिङ्गा वा अवान्छित जिवजन्तु पस्न नसक्ने किसिमले जाली/ढोकाको व्यवस्था भएको ।

(झ) डेरी पसलमाडिपफ्रिज वा चिलरको व्यवस्था भएको ।

(७) यस कार्यक्रम अन्तर्गत निर्माण/सुधार गरिएको डेरी पसल स्थानीय तह वा नियमानुसारको सरकारी निकायमा आधिकारिक दर्ता र नविकरण हुनु पर्नेछ ।

१५. **<u>माछा मासु पसल निर्माण/सुधार कार्यक्रम सन्चालनः</u>**-(१) सम्बन्धित कार्यालयले माछा र मासु पसल निर्माण/सुधार कार्यक्रम संचालन गर्नका लागी बार्षिक स्विकृत कार्यक्रम बजेट र अख्तियारी बमोजिम दफा ५, ६, ७ र ८ बमोजिम प्रस्ताव आव्हान, छनौट, सम्झौता र भुक्तानीका प्रकृयाहरु अवलम्बन गर्नेछ ।

(२) मासु पसल निर्माण/सुधार कार्यक्रम सन्चालन गर्दा मासुको कारोबारमा संलग्न वा यसलाई व्यवस्थित गर्न चाहने स्थानिय निकाय, मासु व्यवसायी संघ/समिती, कृषक समुह/समिति, र मासु उद्यमी/व्यापारीहरुले प्राथमिकता पाउनेछन् ।

(३) मासु पसल निर्माण/सुधारको कार्यक्रम सकभर नगरपालिका, घना आवादीयुक्त व्यापारिक केन्द्रलाई लक्षित गरी संचालन गरिनेछ ।

(४) यस कार्यक्रम अन्तर्गत निर्माण/सुधार गरिएको मासु पसल स्थानीय तह वा नियमानुसारको सरकारी निकायमा आधिकारिक दर्ता र नविकरण हुनु पर्नेछ ।

(५) मासु पसलनिर्माण/सुधार कार्यक्रममा सहभागी हुने आवेदकले दैनिक कम्तिमा १०० किलो मासु बिक्रि वितरण गरिरहेको हुनु पर्नेछ ।

(६) माछा मासु पसल निर्माण तथा सुधार कार्यक्रम अन्तर्गत सम्बन्धित कार्यालयबाट प्रदान गरिने अनुदान रकम निम्न कार्यमा खर्च गर्न सकिनेछ :-

(क) स्वच्छ पिउने पानीको व्यवस्था (ओभरहेड ट्यांकी स्थापना, पाईप फिटिङ्ग, पानी तान्ने मोटर जडान आदि) ।

(ख) मासु पसलको कोठा बनाउने, भित्ता र भुंईमा टायल लगाउने वा मार्वल विछाउने ।

(ग) पशुवस्तु बधगर्दा निस्कने फोहोर व्यवस्थापन ।

(घ) शौचालय र वासिङ्ग वेसिन निर्माण/सुधार ।

(ङ) पशुको जात अनुसारको मासु अलग अलग राखी बेच्नका लागी शिशाको पार्टिशन ।

(च) अगाडीको आँगन, बाटो, ग्राहक बस्ने स्थानको निर्माण/सुधार ।

(छ) पशुवस्तु काट्ने, भुत्ल्याउने र सफा गर्ने स्ल्याब (टेवुल) निर्माण ।

(ज) ताजा मासु राख्ने डिप फिज, फिज आदीको व्यवस्था ।

(झ) उपकरण खरिद जस्तैः मासु झुण्ड्याउने हुक, स्टेनलेस स्टील टेवल, चपिङ्ग टेबल, चक्कुहरु, तराजु, अचानो आदि ।

(७) सुधारिएको मासु पसलनिम्न मापदण्ड अनुसारको हुनु पर्नेछ :-

(क) माछा मासु पसलको क्षेत्रफल सामान्यतया १० फिट चौडाई र १० फिट लम्वाई भएको तथा सानो पसलको हकमा लम्वाई ८ फिट र चौडाई ८फिट भएको ।

(ख) पसलको उचाई १० फिट कायम रहने गरी सिलिङ्ग राखिएको र सिलिङ्ग धुलो मैलो नखस्ने र पानी नतप्किने गरी बनाईएको ।

(ग) भित्ताको भित्रीभागमा ६ फिट उचाई सम्म सेतो रंगको टाएल लगाई त्यस भन्दा माथी सेतो रंग लगाएको ।

(घ) भुईमा नचिप्लने र पानी नजम्ने किसिमले ढलान गरिएको वा टाएल/मार्वल लगाई सजिलै सफागर्न सकिनो

(ङ) मासु पसलमासफा पानीको मात्र प्रयोग गर्ने गरिएको ।

(च) मासु पसल हावादार र बिजुलीको सुबिधा भएमा सेतो ट्युवलाईटको प्रयोग भएको ।

(छ) मासु काट्ने औजार/उपकरण खिया नलागेको तथा गुणस्तरिय स्टेनलेस स्टीलले वनेको।

(ज) मासु राख्ने कोठामा सुर्यको प्रकाशसिधै नपर्ने ।

(झ) मासु टुक्राउने अचानो सफा र प्रयोग नभएका बखत छोपेर राखिएको ।

(ञ) मासु पसलमा काम गर्ने व्यक्तिले एप्रोन,गमवुट, मास्क, क्याप र ग्लोव लगाएको ।

(ट) पसलमा झिंगा वा अवान्छित जिवजन्तु पस्न नसक्ने किसिमले जाली वा ढोका लगाएको ।

(८) सम्बन्धित साझेदारले स्वस्थकर मासु विक्री वितरण सम्बन्धि आचार संहिता (Good Meat Handling Practice)लागु गर्न प्रतिवद्ध हुनु पर्नेछ ।

(९) सुधारिएको मासु पसलको सामान्य स्वरुप *अनुसुची ११* बमोजिमको हुनेछ । तर स्थान विषेशको आवश्यकता अनुसार सम्बन्धित कार्यालयको परामर्श लिई गरिएको सामान्य परिमार्जन सहितको मासु पसल सुधारमा लागत साझेदारी गर्न बाधा पर्ने छैन ।

**१६. दुध संकलन केन्द्र पूर्वाधार निर्माण तथा सुधार** :-(१) सम्बन्धित कार्यालयले दुधु संकलन केन्द्र निर्माण तथा सुधार कार्यक्रम संचालन गर्नका लागी बार्षिक स्विकृत कार्यक्रम बजेट र अख्तियारी बमोजिम दफा ५, ६, ७ र ८ बमोजिम प्रस्ताव आव्हान, छनौट, सम्झौता र भुक्तानीका प्रकृयाहरु अवलम्बन गर्नेछ ।

(२) दुध उत्पादन र बेचविखनमा संलग्न कृषक समूह/समिति/सहकारी, व्यावसायिक संघ/संगठन र स्थानिय निकायहरु संगको लागत साझेदारीमा हाल संचालनमा रहेका वा नयाँ स्थापना हुने दुध संकलन केन्द्रहरुमा आवस्यक पूर्वाधार विकासलाई प्राथमिकता दिइनेछ ।

(३) खासगरी हुलाकी राजमार्ग तथा उतर दक्षिण लोकमार्ग आसपासमा रहेका पशु उत्पादन पकेट क्षेत्रहरु तथा वृहत्तर पशु विकास कार्यक्रम वा अन्य उत्पादन अभिबृद्धी कार्यक्रम सन्चालन भएका क्षेत्रहरुमा पायक पर्ने हिसाबले दुध संकलन केन्द्र स्थापना र संचालन गरी तिनलाई दुध उद्योग र शहर केन्द्रित बजार संग आबद्ध गराई उत्पादित पशुहरुको बजारिकरणमा संलग्न हुन चाहने आवेदकलाई यस कार्यक्रममा प्राथमिकता प्रदान गरिनेछ ।

(४). दुध संकलन केन्द्र निर्माण तथा सुधार कार्यक्रम अन्तर्गत सम्बन्धित कार्यालयबाट प्रदान गरिने अनुदान रकम निम्न कार्यका लागी खर्च गर्न सकिनेछ :-

(क) संकलन केन्द्र लागी आवस्यक भवन र अन्य भौतिक संरचना निर्माण/सुधार ।
(ख) आवश्यक मेशीन, औजारर उपकरणहरु खरिद तथा जडान ।
(ग) प्रकास/संबातन व्यवस्थापन तथा सुरक्षा सम्बन्धि निर्माण कार्यहरु ।
(घ) ढल निकास तथा फोहोर व्यवस्थापनका लागि आवश्यक निर्माण र उपकरण जडान ।
(ङ) बिद्युत र पानीको नियमित आपूर्ती सम्बन्धि कार्यहरु ।
(च) मर्मत संभारमा आवश्यक पर्ने औजार र उपकरणको व्यवस्था ।
(छ) प्रयोगशाला र प्राथमिक पशु उपचार कक्ष ।
(ज) बारबन्देज र कम्पाउण्ड वाल निर्माण ।
(झ) फोहोर व्यवस्थापन, बायोग्यास प्लान्ट निर्माण तथा शौचालय निर्माण/सुधार ।
(ञ) अभिलेखिकरण र सुचना व्यवस्थापनका लागी कम्प्युटर, प्रिन्टर, टेलिफोन जडान ।

(५) यस निर्देशिका बमोजिम निर्माण/सुधार हुने दुधु संकलन केन्द्रको स्वामित्व र संचालन गर्ने दायित्व सम्बन्धित साझेदारको हुनेछ ।तर सम्बन्धित कार्यालयको सहमती लिई स्थानीय तह, सहकारी संस्था, व्यावसायिक संघ/संगठन, गैर सरकारी संस्था, सामुदायिक संस्था, उद्यमी र व्यवसायीहरुलाई निजको कार्य अनुभव र व्यवस्थापकीय क्षमताको आधारमा स्वामित्व यथावत राखी व्यवस्थापन र संचालन सर्शत हस्तान्तरण गर्न सकिनेछ ।

(६) नेपाल सरकारको समेत आर्थिक लगानीमा निर्माण/सुधार गरिएको दुध संकलन केन्द्रको भौतिकसंरचनामा परिवर्तन वा भत्काउनु/हटाउनु पर्ने भएमा सम्बन्धित कार्यालयको पूर्व स्वीकृती अनिवार्य लिनु पर्नेछ ।

**१७. बजार सुचना केन्द्र स्थापना**:-(१) सम्बन्धित कार्यालयले वजार सुचना संचार केन्द्र निर्माण/सुधार कार्यक्रम संचालन गर्नका लागी बार्षिक स्विकृत कार्यक्रम बजेट र अख्तियारी बमोजिम दफा ५, ६, ७ र ८ बमोजिम प्रस्ताव आव्हान, छनौट, सम्झौता र भुक्तानीका प्रकृयाहरु अवलम्बन गर्नेछ ।

(२) पशुपन्छी वजार संचालनमा संलग्न कृषक समूह/समिति/सहकारी, व्यावसायिक संघ/संगठन र स्थानिय निकायहरु संगको लागत साझेदारीमा हाल संचालनमा रहेका वा नयाँ स्थापना हुने पशु पन्छी हाटवजारमा संकलन केन्द्रहरुमा आवस्यक सुचना संचार विकासलाई प्राथमिकता दिइनेछ ।

(३) बजार सुचना संचार केन्द्र निर्माण तथा सुधार कार्यक्रम अन्तर्गत सम्बन्धित कार्यालयबाट प्रदान गरिने अनुदान रकम निम्न कार्यका लागी खर्च गर्न सकिनेछ :-

(क) संचार भवन र अन्य यन्त्र जडान हुने भौतिक संरचना समान्यसुधार ।
(ख) आवश्यक मेशीन, औजारर उपकरणहरु खरिद तथा जडान ।
(ग) प्रकास/संबातन व्यवस्थापन तथा सुरक्षा सम्बन्धी निर्माण कार्यहरु ।
(घ) मर्मत संभारमा आवश्यक पर्ने औजार र उपकरणको व्यवस्था ।
(ङ) विद्युत जडान, विद्युतीय डिस्प्ले वोर्ड, कार्य कक्ष ।
(च) बारबन्देज र कम्पाउण्ड वाल निर्माण ।
(छ) अभिलेखिकरण र सुचना व्यवस्थापनका लागी कम्प्युटर, प्रिन्टर, टेलिफोन र नेट जडान ।

(४) यस निर्देशिका बमोजिम निर्माण/सुधार हुने सुचना संचार केन्द्रको स्वामित्व र संचालन गर्ने दायित्व सम्बन्धित साझेदारको हुनेछ ।तर सम्बन्धित कार्यालयको सहमती लिई स्थानीय तह, सहकारी संस्था, व्यावसायिक संघ/संगठन, गैर सरकारी संस्था, सामुदायिक संस्था, उद्यमी र व्यवसायीहरुलाई निजको कार्यानुभव र व्यवस्थापकीय क्षमताको आधारमा स्वामित्व यथावत राखी व्यवस्थापन र संचालन सर्शत हस्तान्तरण गर्न सकिनेछ ।

(५) नेपाल सरकारको समेत आर्थिक लगानीमा निर्माण/सुधार गरिएको केन्द्रको भौतिकसंरचनामा परिवर्तन वा भत्काउनु/हटाउनु पर्ने भएमा सम्वन्धित कार्यालयको पूर्व स्वीकृती अनिवार्य लिनु पर्नेछ

१८. संशोधन गर्ने : यस कार्यविधिको संशोधन आवश्यक्ता अनुसार प्रदेश सरकारबाट हुनेछ।

१९. प्रचलित कानून लागू हुने : प्रचलित कानूनमा व्यवस्था भएका विषयहरुका सम्बन्धमा सोही बमोजिम र अन्य व्यवस्थाका सम्बन्धमा यसै कार्यविधि बमोजिम हुनेछ ।

२०. अन्तिम व्याख्या : यस कार्यविधिको कार्यान्वयनमा द्विविधा भएमा मन्त्रालयले गरेको व्याख्या अन्तिम हुनेछ ।

२१. अनुसूचीमा हेरफेर गर्न सक्ने : यस कार्यविधिमा रहेका अनुसूचीहरु (आर्थिक विषय बाहेक) मन्त्रालयले हेरफेर गर्न सक्नेछ ।

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय
प्रदेश नं.२
जनकपुरधाम, धनुषा

# अनुसूची १

(दफा ५ को उपदफा (१) संग सम्वन्धित)
प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
पशुपंक्षीतथा मत्स्य विकास निर्देशनालय/भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र...................

## प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०.../.../...
यस निर्देशनालयको, विज्ञ केन्द्रको आ.व.२०७/... को स्वीकृत बार्षिक कार्यक्रम अनुसार निम्नलिखित कार्यक्रमहरु पशुपंक्षी व्यवसाय प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५ बमोजिम लागत साझेदारीमा संचालन गर्न ईच्छुक स्थानिय तह ( /महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका.), सहकारी संस्था, व्यावसायीक संघ/संगठन, फर्म, कम्पनी, निजी उद्यमी, व्यवसायी, कृषक समुह/समितिहरुले यो सूचना प्रकाशित भएको मितिले ३० औ दिन ( मिती .................) सम्म कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्नुहुन आह्वान गरिन्छ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समावेस हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

| *क्र.सं* | *कार्यक्रमहरु* | *संख्या* | *कूल अनुदान रकम रु* |
|---|---|---|---|
| १ | पशु बधशाला निर्माण/सुधार | | |
| २ | पशु बधस्थल निर्माण/सुधार | | |
| ३ | पशुपन्छी हाटबजार निर्माण/सुधार | | |
| ४ | पशुपन्छी संकलन केन्द्र निर्माण/सुधार | | |
| ५ | पशुपंक्षीजन्य उद्योग प्रवर्द्धन (ऊन, छाला, मासु, दाना, दुध आदी) | | |
| ६ | चिलिङ्गभ्याट वितरण (३००० लिटर) | | |
| ७ | चिलिङ्गभ्याट वितरण (२००० लिटर) | | |
| ८ | चिलिङ्गभ्याट वितरण (१००० लिटर) | | |
| ९ | चिलिङ्गभ्याट वितरण (५०० लिटर) | | |
| १० | डेरी पसल निर्माण/सुधार | | |
| ११ | माछा मासु पसल निर्माण/सुधार | | |
| १२ | बजार सुचना केन्द्र स्थापना ( market inteligence center) | | |

*नोट: अनुदान रकमको १ देखि ५ प्रतिशत आवश्यक्ता अनुसार ओभरहेड खर्चवापत कन्टिनजेन्सी वापत कट्टा गरिनेछ ।*

**प्रस्ताव(पत्रका साथ सम्मिलित हुनुपर्ने कागजातहरु :**

१. सहकार्यफारमका नगदी राजश्व रसिद तिर्नुपर्नेछ ।
२. आवेदकको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी ।
३. सम्बन्धित कार्यालयले तोकेको ढांचामा तयार गरिएको प्राविधिक र आर्थिक प्रस्ताव तथा रु १० लाख भन्दा माथीको साझेदारी प्रस्तावको हकमा संक्षिप्त व्यावसायिक कार्ययोजना समेत ।
४. पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालयको प्रस्ताव तथा स्विकृत कार्यक्रममा प्रदेश २ का सवै जिल्लाका प्रस्तावक र भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रको प्रस्ताव आव्हानमा सम्बन्धित जिल्लाका प्रस्तावक मात्र संलग्न हुनपाउने प्रमाणतथा सम्वन्धित स्थानीय तहको सिफारिश पत्र व्यवसाय दर्तापत्र आदी ।
५. पशु हाट वजारको हकमा स्थानीयतहको अनुमति पत्र ।
६. कार्यक्रम कार्यान्वयन स्थलको जग्गाको स्वामित्व देखिने कागजातको प्रमाणित प्रतिलिपी ।
७. लिजमा लिएको जग्गाको हकमा कम्तिमा ३०बर्षको करारनामा वा सम्झौता पत्र ।
८. प्रचलित कानून बमोजिम आधिकारिक निकायमा संस्था/फर्म/व्यवसाय दर्ता नविकरण गरेको प्रमाणित प्रतिलिपि ।
९. सहकारी संस्था/व्यावसायिक संस्था/फर्म/कम्पनी/कृषक समुह/समितिको हकमा मूल्य अभिबृद्धी कर (VAT)वा स्थायि लेखा नम्वर (PAN)दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र कार्यसमितिको निर्णय ।
१०. कार्यक्रम कार्यान्वयन बर्ष अधिको लेखा परिक्षण प्रतिवेदन र कर चुक्ता/दाखिलाको प्रमाणित प्रतिलिपी ।
११. प्रस्तावकले सुचना तोकिए बमोजिमको प्रतिशत सम्म लागत साझेदारी गर्ने र अन्य निकायवाट अनुदान लिए/नलिएको प्रतिबद्धता पत्र
१२. प्रस्ताव अनुसारको डिजाइन तथा लागत अनुमान ।

प्रस्तावपत्र र संक्षिप्त व्यावसायिक कार्ययोजनाको ढांचा तथा कार्यक्रम कार्यान्वयन कार्यविधिहरु यस कार्यालयको वेब साईट..................................वाट डाउनलोड गर्न सकिनेछ । अन्य थप जानकारीका लागी सम्बन्धित कार्यालयको सुचनापाटी हेर्न वा कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध छ ।

# अनुसूची २

(दफा ५ को उपदफा (२) संग सम्वन्धित)

**पशुपंक्षी बजार प्रवर्द्धन कार्यक्रम सन्चालन सम्बन्धि प्रस्तावपत्र को नमुनन**

*क) प्राविधिक प्रस्ताव*

| | | |
|---|---|---|
| १ | प्रस्तावित कार्यक्रमको नाम | |
| २ | कार्यक्रम कार्यान्वयन हुने स्थानको ठेगाना | |
| ३ | आवेदकको नाम | |
| ४ | ठेगाना | |
| ५ | आवेदकको सम्पर्क टेलिफोन नं | |
| ६ | आवेदक संस्था/ फर्म/ कम्पनी/ उद्योग/ व्यवसायको दर्ता नम्बर | |
| ७ | दर्ता भएको कार्यालय र मिति | |
| ८ | आवेदक संस्था/फर्म/कम्पनी/उद्योग/व्यवसायको उमेर (दर्ता वा स्थापना पश्चातको अवधी बर्षमा) | |
| ९ | भ्याट/पान दर्ता नम्बर | |
| १० | प्रस्तावित कार्यक्रमको अनुमानित लागत रु | |
| ११ | प्रस्तावकले आफ्नै श्रोतबाट व्यहोर्ने रकम रु | |
| १२ | सम्बन्धित कार्यालयसंग माग रकम रु | |
| १३ | प्रस्तावित कार्यक्रमको उद्देश्य | |
| १३.१ | | |
| १३.२ | | |
| १३.३ | | |
| १३.४ | | |
| १३.५ | | |

| | | | | |
|---|---|---|---|---|
| १४ | प्रस्तावित कार्यक्रम कार्यान्वयन स्थलमा विद्यमान भौतिक पूर्वाधारहरु | | | |
| १४.१ | सडक सुविधा (छ/छैन) | | नजिकको बजारको नाम | |
| १४.२ | कस्तो सडक छ (कच्चि/पक्कि) | | बजार सम्मको दुरी (कि.मी.) | |
| १४.३ | बिजुलीको सुविधा(छ/छैन) | | सदरमुकाम देखिको दुरी (कि.मी.) | |
| १४.४ | खानेपानीको सुविधा (छ/छैन) | | जग्गाको स्वामित्व (आफ्नै/लिज) | |

१४.५ आफ्नै स्वामित्वको भवन, मेशिनरी, सवारी साधन र यन्त्रउपकरणको किसिम र संख्या उल्लेख गर्ने

| क.स. | विवरण | संख्या | अवस्था |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १५ | प्रस्तावित कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुनेको संख्या | | | | |
| १६ | लक्षित समुदाय (अप्रत्यक्ष लाभान्वित हुनेको संख्या) | महिला | दलित | जनजाती | अन्य |
| | | | | | |

| | |
|---|---|
| १७ | प्रस्तावित कार्यक्रमबाट सम्पन्न गरिने कृयाकलापहरुको विवरण |
| १७.१ | |
| १७.२ | |
| १७.३ | |
| १८ | कृयाकलाप कार्यान्वयन योजना |

| क्र.स. | कृयाकलाप | मार्ग | पौष | माघ | फाल्गुण | चैत्र | बैशाख | जेष्ठ | आषाढ |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

| | |
|---|---|
| १९ | कार्यक्रम समाप्ति पश्चात अपेक्षित उपलब्धिहरु (बुंदागत रुपमा सम्भव भए परिमाण समेत खुलाउने) |
| १९.१ | |
| १९.२ | |
| १९.३ | |
| २० | प्रस्तावित कार्यक्रममा अन्य निकायहरु समेत सामेल हुने भए तिनको नाम र सहकार्य रकम खुलाउने |

| क्र.स. | सहकार्य गर्ने अन्य निकायहरुको नाम | सहकार्य रकम रु |
|---|---|---|
| | | |
| | | |
| | | |

| | |
|---|---|
| २१ | प्रस्तावकले बिगत बर्षमा सम्पन्न गरेका उल्लेखनिय कार्यहरु (प्रस्तावित कार्यक्रमसंग मेलखाने मात्र) |
| २१.१ | |
| २१.२ | |
| २१.३ | |
| २२ | उपरोक्त कार्य सम्पादनका लागी भएको लगानी (रु) |
| २३ | प्रस्तावित कार्यक्रम सम्बन्धि आवेदकको अनुभव र तालिम (अवधि समेत खुलाउने) |
| २३.१ | |
| २३.२ | |
| २३.३ | |
| २४ | आवेदकसंग विद्यमान जनशक्ति विवरण |

| क्र.स. | जनशक्तिको विवरण | दक्षता (शैक्षिक योग्यता/तालिम) | संख्या |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

| | |
|---|---|
| २५ | प्रस्तावित कार्यक्रमले वातावरणमा पर्न सक्ने नकारात्मक असर |
| २५.१ | |
| २५.२ | |
| २५.३ | |
| २६ | वातावरणिय असर न्यूनिकरणका लागी अपनाईने उपाय |
| २६.१ | |
| २६.२ | |
| २६.३ | |
| २७ | प्रस्तावित कार्यक्रमले श्रृजना गर्ने थप रोजगारी (संख्या) |

***ख) आर्थिक प्रस्ताव***

प्राविधिक प्रस्तावमा उल्लेखित कृयाकलापहरुको लागत अनुमान र सहकार्यको विस्तित विवरण

| क्र.सं | मुख्य कृयाकलापहरु | इकाई | परिमाण | प्रति इकाई दर (रु) | कुल लागत रकम (रु) | प्रस्तावकको योगदान (रु) | सम्बन्धित कार्यालयको अनुदानबाट व्यहोरिने रकम (रु) | प्रस्तावकले व्यहोर्ने रकमको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |

| ५ | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| जम्मा (रु) | | | | | | | | |
| भ्याट (रु) | | | | | | | | |
| कूल जम्मा (रु) | | | | | | | | |

| | |
|---|---|
| माथि उल्लेखित सम्पूर्ण बिवरणहरु सही रुपमा पेश गरेको छु , कहिं कतै झुठो ठहरेमा कानुन बमोजिम सजाय भोग्न तयार रहेको व्यहोरा समेत अवगत गरांउछु/छौं । | |
| प्रस्तावक स्थानिय तह/सहकारी संस्था/व्यावसायिक संस्था/फर्म/कम्पनी/उद्यमीको जिम्मेवार पदाधिकारीको | |
| नाम : | |
| पद : | |
| हस्ताक्षर | |
| मिति : | |
| कार्यालय/संस्था/फर्मको छाप | |

*नोट : आवश्यकता अनुसार लाईनहरु थप्न गर्न वा पेज सेटअप मिलाउन सकिनेछ ।*

पुनश्च :
प्रस्तावपत्रका साथ निम्न कागजातहरु अनिवार्य रुपमा सम्मिलित हुनु पर्नेछ । म्याद नाघी वा रित नपुगि पेश भएका प्रस्तावहरु मूल्यांकनमा सामेल गरिने छैन ।

| *क.स.* | *आवस्यक कागजातहरुको विवरण* |
|---|---|
| १ | सहकार्यको लागि राजश्व तिरेकोनगदी रसिद । |
| २ | आवेदकको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी । |
| ३ | सम्बन्धित कार्यालयले तोकेको ढांचामा तयार गरिएको प्राविधिक र आर्थिक प्रस्ताव तथा रु १० लाख भन्दा माथिको साझेदारी प्रस्तावको हकमा संक्षिप्त व्यावसायिक कार्ययोजना समेत । |
| ४ | व्यवसाय संचालन हुने क्षेत्रको सम्वन्धित स्थानीय तहको सिफारिस तथा दर्ता । |
| ५ | पशु हाट वजारको हकमा स्थानीयतहको अनुमति पत्र । |
| ६ | कार्यक्रम कार्यान्वयन स्थलको जग्गाको स्वामित्व देखिने कागजातको प्रमाणित प्रतिलिपी । |
| ७ | लिजमा लिएको जग्गाको हकमा कम्तिमा ३० बर्षको करारनामा वा सम्झौता पत्र । |
| ८ | प्रचलित कानून बमोजिम आधिकारिक निकायमा संस्था/फर्म/व्यवसाय दर्ता नविकरण गरेको प्रमाणित प्रतिलिपि । |
| ९ | सहकारी संस्था/व्यावसायिक संस्था/फर्म/कम्पनीको हकमा मूल्य अभिबृद्धी कर (VAT) वा स्थायि लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र कार्यसमितिको निर्णय । |
| १० | कार्यक्रम कार्यान्वयन बर्ष अघिको लेखा परिक्षण प्रतिवेदन र कर चुक्ता/दाखिलाको प्रमाणित प्रतिलिपी । |
| ११ | प्रस्तावकले कम्तीमा ३० प्रतिशत लागत साझेदारी गर्ने प्रतिबद्धता पत्र र सुनिश्चितता । |
| १२ | प्रस्ताव अनुसारको डिजाइन तथा लागत अनुमान । |

# अनुसूची ३

(दफा ५ को उपदफा (२) संग सम्बन्धित)

## संक्षिप्त व्यावसायिक योजना नमुना

| क.स. | व्यावसायिक कार्ययोजना |
|---|---|
| १ | *पृष्ठभूमी* |
| | (प्रस्तावित कार्यक्रम/व्यवसाय शुरुगर्नु पर्नाको कारण र समग्र परिस्थिती बारे उल्लेख गर्ने) |
| १.१ | व्यावसायको छोटो चिनारी |
| | (प्रस्तावित कार्यक्रम/व्यवसायमा के र कसरी गर्न खोजिएको छ भन्ने कुरा उल्लेख गर्ने) |
| १.२ | बिद्यमान भौतिक तथा अन्य पूर्वाधारहरु |
| | (प्रस्तावित कार्यक्रम/व्यवसाय सम्पन्न गर्नका लागी आवेदकसंग विद्यमान भौतिक, वित्तिय र प्राविधिक क्षमता वर्णन गर्ने) |
| २ | *दिर्घकालिन सोंच, उद्देश्य र महत्व* |
| २.१ | दिर्घकालिन सोंच |
| | (प्रस्तावित कार्यक्रम/व्यवसायबाट हासिल गर्न खोजिएको दिर्घकालिन लक्ष उल्लेख गर्ने) |
| २.२ | उद्देश्य |
| | (कार्यक्रम/व्यवसायले हासिल गर्ने तात्कालिक उद्देश्यहरु उल्लेख गर्ने) |
| २.३ | महत्व |
| | व्यवसाय संचालनबाट हासिल हुने प्रत्यक्ष र अप्रत्यक्ष लाभ उल्लेख गर्ने (स्थानिय तथा राष्ट्रिय तहमा) |
| ३ | *कार्यक्रम/व्यवसायको संभाव्यता विश्लेषण* |
| ३.१ | *व्यवसाय योजना* |
| ३.१.१ | उत्पादन योजना |
| | (के, कती र कसरी उत्पादन गर्ने योजना छ भन्ने कुरा उल्लेख गर्ने) |
| ३.१.२ | कच्चा पदार्थको उपलब्धता |
| | (के र कती कच्चा पदार्थको आवस्यक्ता पर्छ तथा सो कहांबाट र कसरी प्राप्त गरिन्छ भन्ने कुरा उल्लेख गर्ने ) |
| ३.१.३ | उत्पादन हुने बस्तु र परिमाण |
| | (कार्यक्रम/व्यवसाय संचालन पश्चात दैनिक रुपमा उत्पादन हुने बस्तु र सेवाको परिमाण समेत उल्लेख गर्ने) |
| ३.१.४ | प्रबिधी प्रयोगको सम्भाव्यता |
| | (उत्पादनका लागी आवस्यक पर्ने प्रविधी, मेशिनरी, उपकरण, जनशक्ति र तिनको उपलब्धता कसरी सुनिश्चित गरिन्छ भन्ने कुरा उल्लेख गर्ने) |
| ३.२ | *बजारिकरण योजना* |
| | (उत्पादित बस्तुको सम्भावित बजार, बिक्रीयोजना, गुणस्तर व्यवस्थापन र प्रतिस्पर्धामा कायम रहने योजना उल्लेख गर्ने) |
| ३.३ | *व्यवस्थापन योजना* |
| | (व्यवस्थापनको उच्च तहमा रहनेहरुको नाम, पद, योग्यता, अनुभव र भूमिका आदी संक्षिप्त रुपमा उल्लेख गर्ने) |
| ४ | *वातावरणीय प्रभाव विष्लेशण* |
| ४.१ | (प्रस्तावित कार्यक्रम/व्यवसायले वातावरणमा पार्ने सकारात्मक वा नकारात्मक प्रभावहरुको आंकलन गरी नकारात्मक प्रभाव नयूनिकरणका लागी के कस्ता उपायहरु अवलम्बन गरिने छ भन्ने उल्लेख गर्ने) |
| ५ | *लाभग्राही विष्लेशण* |
| ५.१ | (प्रस्तावित कार्यक्रम/व्यवसायका प्रत्यक्ष वा अप्रत्यक्ष लाभग्राहीहरुको संख्या तथा लैंगिक र सामाजिक वर्गिकरण सहित उनिहरुले कसरी लाभ प्राप्त गर्नेछन् भन्ने कुरा उल्लेख गर्ने । |
| ६ | *लागत लाभ विष्लेशण* |
| | (के कस्ता पुर्वानुमानहरुको आधारमा लागत लाभ विष्लेशण गरिएको छ भन्ने कुरा उल्लेख गरी निम्न |

तालिका बमोजिम आम्दानी खर्चको अनुमान लगाउने)

| विवरण | | प्रथम बर्ष | दोश्रो बर्ष | तेश्रोवर्ष | जम्मा |
|---|---|---|---|---|---|
| क | **पूजिगत खर्च** | | | | |
| | भौतिक निर्माण | | | | |
| | मेशिनरी / उपकरण | | | | |
| | **कुल पूजिगत खर्च** | | | | |
| ख | **चालु खर्च** | | | | |
| | उत्पादन समाग्री खरिद | | | | |
| | कर्मचारीलाई तलब भुक्तानी | | | | |
| | श्रमिक ज्याला भुक्तानी | | | | |
| | भाडा, पानी, बिजुली खर्च | | | | |
| | मर्मत सम्भार खर्च | | | | |
| | बिक्रिवितरण खर्च | | | | |
| | व्याज भुक्तानी ("च" को व्याज प्रतिशत अनुसार) | | | | |
| | **कुल चालु खर्च** | | | | |
| ग | **जम्मा खर्च** (क + ख) | | | | |
| घ | व्याज रहित अनुदान | | | | |
| ङ | आफ्नै आयबाट बेहोरिने रकम | | | | |
| च | व्याज तिर्नुपर्ने रकम ग –(घ+ङ) | | | | |
| छ | **आम्दानी** | | | | |
| | मुख्य उत्पादन बिक्रि | | | | |
| | सहायक उत्पादन बिक्रि | | | | |
| | **कुल आम्दानी** | | | | |
| ज | **खुद मुनाफा** (छ – ग) | | | | |
| झ | **ग्रस मार्जिन**(छ – ख) | | | | |
| ञ | सांवा भुक्तानी ("च" को भुक्तानी) | | | | |
| ट | **खुद बचत** (ज – झ) | | | | |
| ठ | डिस्काउन्टेड आम्दानी छ/(१ + व्याज प्रतिशत)६बर्षे | | | | |
| ड | डिस्काउन्टेड खचग/(१ +व्याज प्रतिशत)६बर्षे | | | | |

व्यावसायिक कार्ययोजना पेश गर्नेको

| | |
|---|---|
| नाम | |
| पद | |
| हस्ताक्षर | |
| मिती | |
| संस्थाको छाप | |

अनुसूची ४

अनुसूची ४

(दफा ५ को उपदफा (२) संग सम्वन्धित)

## लागत साझेदारी गर्ने प्रतिबद्धता पत्र

श्री ........................................ कार्यालयको मिति ......................... को ................ मा प्रकाशित सूचना अनुसार ............................ न.पा/गा.पा ........ वार्ड नं. ........................ गांउ/टोल बस्ने श्री ................................... ले लागत साझेदारीमा ..................................... कार्यक्रम संचालनका लागी पेश गरेको आर्थिक प्रस्ताव अनुसार कुल लगानी रु .................. को ...... प्रतिशतले हुन आउने रु ................. अक्षरुपी ............................ बराबरको लगानी आफ्नो आन्तरिक श्रोतबाट बेहोरी कार्यक्रम सम्पन्न गर्ने प्रतिबद्धता जाहेर गर्दछु।

निवेदकको
दस्तखत
नाम:
मिति:

अनुसूची ५

(दफा ५ को उपदफा (२) संग सम्वन्धित)

अनुसूची ५

सम्बन्धित स्थानीय तहको सिफारिस पत्र

श्री ................................ कार्यालयको मिति ................................ को ...................... मा प्रकाशित सूचना अनुसार ................................ न.पा./गा.पा ......... वार्ड नं. ............... गांउ/टोल बस्ने श्री ................................ ले लागत साझेदारीमा ................................ कार्यक्रम संचालनका लागी पेश गरेको विवरण सही रहेको र निज उक्त कार्यक्रम संचालनका लागी उपयुक्त भएकाले निजको प्रस्ताव छनौट प्रकृयामा संलग्न गरिदिनु हुन सिफारिस गरिएको ब्यहोरा अनुरोध गर्दछु ।

सिफारिस गर्नेको
दस्तखत:
नाम:
मिति:

## अनुसूची ६
(दफा ५ को उपदफा (२) संग सम्बन्धित)

*निवेदनको ढांचा*

श्री ..................................

......................................

*विषय: प्रस्ताव पेश गरिएको बारे ।*

तहां कार्यालयको मिति.......................... को .................. मा प्रकाशित सूचना अनुसार म निवेदकले तपशिल बमोजिमको कार्यक्रम लागत साझेदारीमा सन्चालन गर्न ईच्छुक भई आवश्यक कारवाहीको लागि यो निवेदन पेश गरेको छु ।

निवेदकको दस्तखत:
मिति:

तपशिल
प्रस्तावकको नाम र थर:
स्थायी ठेगाना:
प्रस्तावितकार्यक्रमको नाम:
कार्यक्रम सन्चालन हुने स्थानको पूरा ठेगाना:

संलग्न कागजातहरुको सूची:

| *क्र.स.* | *कागजातको विवरण* | *संलग्न संख्या* |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

## अनुसूची ७
(दफा ६ को उपदफा (२) संग सम्बन्धित)

अनुसूची ७

## प्रस्ताव मूल्याङ्कन फारम

| क.स. | मूल्यांकनका आधारहरु | भार (प्रतिशत) | प्राप्ताङ्ग |
|---|---|---|---|
| १ | आवेदक सम्बन्धि | | |
| १.१ | ***संस्थाको उमेर*** (व्यक्तिको हकमा सम्बन्धित कामको अनुभव) | १० | |
| १.१.१ | ३ बर्षभन्दा घटी | २ | |
| १.१.२ | ३ देखी ५ बर्ष सम्म | ४ | |
| १.१.३ | ६ देखी ८ बर्ष | ६ | |
| १.१.४ | ९ देखी ११ बर्ष | ८ | |
| १.१.५ | १२ बर्ष भन्दा बढी | १० | |
| १.२ | ***कार्यक्रम कार्यन्वयन स्थलको भौतिक पूर्वाधारको अवस्था*** | १५ | |
| १.२.१ | सडक सुविधा भएको | २ | |
| १.२.२ | पक्कि सडक भएको | २ | |
| १.२.३ | बिजुलीको सुविधा भएको | २ | |
| १.२.४ | खानेपानीको सुविधा भएको | २ | |
| १.२.५ | जग्गाको स्वामित्व आफ्नै भएको | २ | |
| १.२.६ | आफ्नै स्वामित्वको भवन, सवारी साधन, यन्त्रउपकरण भएको | ५ | |
| १.३ | ***प्राविधिक दक्षता/सम्बन्धित विषयको तालिम*** (संथाको हकमा स्थायी कामदारहरुको दक्षता) | २० | |
| १.३.१ | ७ दिन अवधि सम्मको तालिम | २ | |
| १.३.२ | ७ देखी १५ दिने अवधिको तालिम | ५ | |
| १.३.३ | १६ देखी ३० दिने अवधिको तालिम | १० | |
| १.३.४ | १ महिना देखी ३ महिना अवधीको तालिम | १५ | |
| १.३.५ | ३ महिना भन्दा बढी अवधीको तालिम | २० | |
| १.४ | ***वित्तिय क्षमता*** | १० | |
| १.४.१ | साझेदारीको प्रतिबद्धता सामेल भएको | ५ | |
| १.४.२ | अन्य निकायबाट पनि साझेदारी हुने प्रतिबद्धता भएको | ५ | |
| १.५ | ***प्रत्यक्ष लाभाविन्वत संख्या*** | ५ | |
| १.५.१ | ५ जना सम्म | १ | |
| १.५.२ | ६ देखी १० जना सम्म | २ | |
| १.५.३ | ११ देखी १५ जना सम्म | ३ | |
| १.५.४ | १६ देखी २० जना सम्म | ४ | |
| १.५.५ | २१ जना भन्दा बढी | ५ | |
| १.६ | ***अप्रत्यक्ष लाभान्वित संख्या*** | १० | |
| १.६.१ | ५० जना सम्म | २ | |
| १.६.२ | ५१ देखी १०० जना सम्म | ४ | |
| १.६.३ | १०१ देखी १५० जना सम्म | ६ | |
| १.६.४ | १५१ देखी २०० जना सम्म | ८ | |
| १.६.५ | २०१ जना भन्दा बढी | १० | |
| १.७ | ***वातावरणिय उपयुक्तता*** | ५ | |
| १.७.१ | प्रस्तावित कार्यक्रमको वातावरणिय प्रभाव आंकलन गरिएको | ३ | |
| १.७.२ | वातावरणिय प्रभाव न्युनिकरणका उपायहरु सामेल गरिएको | २ | |
| १.८ | ***अन्य पक्षहरु*** | १५ | |
| १.८.१ | विगतमा सम्पादित काम र प्रस्तावित कार्यक्रम विच तालमेल रहेको | ५ | |
| १.८.२ | संस्थाको अवस्थिती र प्रस्तावित कार्यक्रम संचालन स्थल विचको तादात्म्यता | ५ | |

| | | | |
|---|---|---|---|
| १.८.३ | थप रोजगारी श्रृजना संख्या | ५ | |
| *१.९* | ***स्विकृत कार्यविधी अनुसारका थप आधारहरु*** | *१०* | |
| १.९.१ | आवेदक संस्थाको किसिम र सूचना मूताविक सम्बन्धित कार्यालयको प्राथमिकता मेल खाने | २ | |
| १.९.२ | प्रविधिक र आर्थिक प्रस्तावको गुणस्तर | २ | |
| १.९.३ | व्यावसायिक कार्ययोजनाको स्पष्टता | २ | |
| १.९.४ | मुनाफा र शमविन्दुको आधारमा उपयुक्तता र दिगोपन | २ | |
| १.९.५ | पेश भएका विवरणहरुको विश्वसनियता | २ | |
| | ***जम्मा*** | *१००* | |

*नोटः प्रस्ताव मुल्यांकन समितिले आवस्यक ठानेमा कार्यक्रमको प्रकृति अनुसार बुँदा नं. १.९ का उपआधारहरु परिमार्जन वा थपघट गरी सम्वन्धित कार्यालय प्रमुख वाट स्वीकृत गराई लागु गर्न सक्नेछ ।*

## अनुसूची ८

(दफा ६ को उपदफा (३) संग सम्वन्धित)

अनुसूची ८

<u>स्थलगत प्रमाणिकरण मूल्याङ्कन फारम</u>

**क) सामान्य जानकारी**

१. जिल्ला:
२. आवेदकको नाम:
३. कार्यक्रम सन्चालन स्थलको ठेगाना:
४. प्रस्तावित कार्यक्रमको नाम:
५. स्थलगत प्रमाणिकरण मिति:
६. स्थलगत प्रमाणिकरणमा सम्लग्न पदाधिकारीको विवरण

| क.स. | नाम | पद |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

**ख) आवेदकको मूल्याङ्कन**

| क.स. | विवरण | प्रमाणिकरणमा भेटिएको अवस्था र भार | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | **भौतिक क्षमता** | ३० | |
| १.१ | कार्यक्रम कार्यान्वयन स्थलको जग्गा वा भवन आवेदकको आफ्नै स्वामित्वको छ/छैन | | |
| १.२ | प्रस्तावित कार्यक्रम संचालन गर्न प्रयाप्त जग्गा छ/छैन | | |
| १.३ | भविष्यमा विस्तारका लागी जग्गा उपलब्ध हुनसक्ने सम्भावना छ/छैन | | |
| १.४ | बाढी पहिरोले क्षति पुर्‍याउन सक्ने सम्भावना छ/छैन | | |
| १.५ | कार्यक्रम कार्यान्वय स्थलमा बाटो, पानी, बिजुलीको सुविधा छ/छैन | | |
| १.६ | भौगोलिक हिसाबले उक्त स्थानमा प्रस्तावित कार्यक्रम संचालन गर्न उपयुक्ता छ/छैन | | |
| २ | **प्राविधिक क्षमता** | २० | |
| २.१ | प्रस्तावित कार्यक्रमसंग मेल खाने कृयाकलापमा हाल संलग्नता छ/छैन | | |
| २.२ | आवस्यक प्राविधिक सेवाटेवा प्राप्त हुनसक्ने अवस्था छ/छैन | | |
| २.३ | आवेदक सम्बन्धित विषयको तालिम/अनुभव प्राप्त छ/छैन | | |
| ३ | **वित्तिय क्षमता** | २० | |
| ३.१ | आवेदकले आवस्यक लागत साझेदारी गर्न सक्ने अवस्था छ/छैन | | |
| ३.२ | बैङ्क मौजदात वा हाल संचालित कारोबारको बचत छ/छैन | | |
| ३.३ | आवस्यक रकम वित्तिय संस्थाबाट श्रृण प्राप्त गर्न सक्ने अवस्था छ/छैन | | |
| ४ | **वातावरणिय उपयुक्तता** | १५ | |
| ४.१ | प्रस्तावित कार्यक्रम कार्यन्वयन गर्दा स्थानिय बासिन्दाबाट विरोध हुनसक्ने अवस्था छ/छैन | | |
| ४.२ | प्रस्तावित कार्यक्रमले वातवरणमा नकारात्मक असर पुग्नसक्ने अवस्था छ/छैन | | |
| ५ | **अन्य पक्षहरु** | १५ | |

| | | | |
|---|---|---|---|
| ५.१ | संस्थागत/व्यावसायिक कृयाशिलता सन्तोषजनक छ/छैन | | |
| ५.२ | दर्ता/नविकरण/करचुक्ता/अडिट आदि अद्यावधिक छ/छैन | | |
| ५.३ | आवस्यक कच्चापदार्थ प्राप्त हुनसक्ने अवस्था छ/छैन | | |
| ५.४ | उत्पादित बस्तुको सहज बजारिकरण हुनसक्ने अवस्था छ/छैन | | |
| ६ | **स्थलगत प्रमाणिकरण टोलीको राय** | | |
| ६.१ | आवेदक संग लागत साझेदारी गर्नु उपयुक्त छ/छैन | | |
| जम्मा | | १०० | |

**ग) आवेदकसंग विद्यमान भवन, सवारी साधन, ठूला मेशिनरी र उपकरणहरुको विवरण**

| *क.स.* | *विवरण* | *संख्या* | *अवस्था* |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

**घ) स्थलगत प्रमाणिकरणमा भेटिएका अन्य थप विवरण भए उल्लेख गर्ने**

१.
२.
३.
४.
५

**ङ) स्थलगत प्रमाणीकरण टोलीको राय**

स्थलगत प्रमाणिकरणमा भेटिएका तथ्यहरुको आधारमा आवेदकसंग लागत साझेदारी गरी प्रस्तावित कार्यक्रम संचालन गर्न उपयुक्त हुन्छ/हुँदैन भनी राय पेश गर्ने ।

| *क.स.* | *नाम* | *हुन्छ/हुँदैन* | *दस्तखत* |
|---|---|---|---|
| | | | |
| | | | |

## अनुसूची ९

(दफा ७ को उपदफा (१) संग सम्बन्धित)

अनुसूची ९

## पुँजिगत अनुदानबाट सन्चालन गरिने कार्यक्रमको द्विपक्षिय सम्झौता पत्र

प्रदेश सरकार,भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय , पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, भेटेरिनरी अस्पताल तथा विज्ञ केन्द्र, ...................... को आर्थिक बर्ष .................... को स्विकृत बार्षिक कार्यक्रम अनुसार लागत साझेदारीमा ........................ कार्यक्रम संचालन गर्न श्री ........................................ कार्यालय, .................... *(यसपछि प्रथम पक्ष भनिने)* र श्री ........................., ...................... *(यसपछि दोस्रो पक्ष भनिने)* बिच तपशिल बमोजिमका शर्तहरु परिपालना गर्ने गरी द्विपक्षिय सम्झौता गरिदियौं/लियौं ।

*तपशिल*

१. प्रथम पक्षले ...................... कार्यक्रमको लागी विनियोजित जम्मा रु.......... ............ मध्ये रु.....................................................वापत दोश्रो पक्षलाई रु.............. (अक्षरुपी.............) बराबरको आर्थिक अनुदान/सामग्री सहयोग प्रदान गर्नेछ ।

२. दोश्रोपक्षले बांकी रकम रु........................... स्वलगानी गरी ................जिल्ला ............... गा.पा/न.पा/ ........ नं. वडाको ................ भन्ने स्थानमा यसै आर्थिक बर्षको अन्त्य सम्ममा कार्यक्रम सम्पन्न गर्नेछ ।

३. दोश्रोपक्षले प्रथमपक्ष समक्ष पेश गरेको स्विकृत प्रस्ताव पत्र मुताविकको डिजाईन र स्टिमेट अनुसारका सम्पुर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निधारित समय भित्र सम्पन्न गर्नेछ ।

४. कार्यक्रम संचालनका लागी आवस्यक निर्माण सम्बन्धी डिजाईन, ईष्टिमेट, सुपरभिजन, रनिंग विल, अन्तिम विल र कार्य सम्पन्न प्रतिबेदन लगायतका सवै प्राविधिक कार्यहरु तथा निर्माण, खरिद, ढुवानी, संचालन र जग्गाको व्यवस्था आदी दोश्रो पक्षले गर्नेछ ।

५. दोश्रो पक्षले सुरुमा आफ्नो तर्फको लगानीबाट सम्पन्न भएको कामको नियमानुसारको भ्याट बिल, दाखिला प्रतिवेदन, कार्यसम्पन्न प्रतिवेदन र आवश्यक अन्य कागजात सहित भुक्तानीका लागी प्रथमपक्ष समक्ष पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिव ठहरे दोश्रोपक्षको बैङ्खातामा एकमुष्ठ भुक्तानी दिनेछ । वा

६. मान्यता प्राप्त प्राविधिकले तयार गरेको रनिङ्ग विल तथा कार्य सम्पन्न प्रतिवेदन र स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिव ठहरे दुई बराबर किस्ता वा सम्पुर्ण कार्य सम्पन्न भएमा एकै किस्तामा समेत अनुदान रकमको भुक्तानी बैङ्खाता मार्फत गर्नेछ ।

७. प्रथम पक्षले कुनैपनि बखत संचालित कार्यको अनुगमन/निरिक्षण गरी सम्झौता मुताविक कार्य भए/नभएको हेर्न र आवस्यक सल्लाह सुझाव दिन सक्नेछ ।

८. दोश्रोपक्षले कार्यकम संचालन स्थलमा सवैले देख्ने गरी अनिवार्य रुपले कार्यकमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित बोर्ड सबैले देख्ने गरी राख्नेछ ।

९. कार्यकम सन्चालनका दौरान वा सम्पन्न भए पश्चातकोसन्चालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनका लागी गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

१०. दोस्रो पक्षले नियमित रुपमा (कम्तिमा चौमासिक अवधिमा) कार्यकमको प्रगती, उपलब्धी एवं कारोवार सम्बन्धि विवरणहरु सम्बन्धितप्रथमपक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

११. कार्यक्रम संचालनका दौरान कुनै कुरामा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसि सहमति अनुसार हुनेछ ।

१२. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून र दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

१३. द्विपक्षिय सम्झौता मुताविकको काम नभै रकम दुरुपयोग हुन सक्ने देखेमा पथम पक्षले एक पटकका लागी सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिए एक पक्षिय रुपमा सम्झौता भंग गर्ने र हिनामिना भए बराबरको रकम दोश्रो पक्षवाट सरकारी बाकी सरह असुल उपरको प्रकृया अगाडी बढाउन सक्नेछ ।

**दोस्रो पक्षको तर्फवाट**

*हस्ताक्षर*
*नाम:*
*पद:*
*कार्यालय:*
*कार्यालयको छाप:*

रोहवर
*हस्ताक्षर*
*नाम:*
*पद:*
*कार्यालय:*
*कार्यालयको छाप:*

**प्रथम पक्षको तर्फवाट**

*हस्ताक्षर*
*नाम:*
*पद:*
*कार्यालय:*
*कार्यालयको छाप:*

*हस्ताक्षर*
*नाम:*
*पद:*
*कार्यालय:*
*कार्यालयको छाप:*

इति सम्वत .......... साल ............ महिना ........ गते रोज ....... शुभम् ।

२६


नोटः द्विपक्षिय सम्झौतामा आवश्यक्ता मुताविकका अन्य सान्दर्भिक बुंदाहरु थप गर्न सकिनेछ ।

अनुसूची १०

(दफा ९ को उपदफा (३) संग सम्वन्धित)

**पशु बधशाला/बधस्थलको स्वरुप**

## वधशालाको स्वरुप



# अनुसूची ११

(दफा १५ को उपदफा (९) संग सम्वन्धित)

## मासु पसलको स्वरुप

